म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ५९ बिहीबार ११ असोज २०८० ने. सं. ११४३ ञलाथ्व 28 September 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा
राष्ट्रिय दैनिक
www.sajhakuranews.com

## ५ वटा वडामा कुकुरलाई रेबिजविरुद्धको खोप लगाइने



हेटौंडा, १० असोज/ मकवानपुरगढी गाउँपालिकाले कुकुरलाई रेबिजविरुद्धको खोप लगाउने भएको छ । गाउँपालिकाले बुधबार एक सूचनामार्फत् २, ३, ४, ५, र ६ मा रेबिजविरुद्धको खोप लगाउने जानकारी दिएको हो । भोलि असोज ११ गते विहिबार विश्व रेविज दिवस रहेका कारण यसै अवसरमा पालिकाले रेबिजविरुद्ध नि:शुल्क खोप कार्यक्रम सञ्चालन गर्ने भएको सूचनामा उल्लेख गरिएको छ । खोप कार्यक्रम बिहीबार बिहान ११ बजेदेखि दिउँसो ३ बजेसम्म सञ्चालन हुने बताइएको छ ।

बढ्दैछ मानसिक समस्या

# हेटौंडा अस्पतालमा दैनिक आउँछन् मानसिक बिरामी

निशा गुरुङ

हेटौंडा, १० असोज/ हेटौंडा-१० निवासी ३२ वर्षीया सरिता पाण्डे (नाम परिवर्तन)लाई करिब ३ महिनादेखि घरमै बसिराख्दा पनि मन आत्तिने, अब के हुन्छ ? भन्ने डर पैदा भइरहन्थ्यो ।

केही समयअघि टिकटकमा एकजना मनोरोग विशेषज्ञको जानकारीमूलक भिडियो हेरेपछि आफ्नो समस्या मानसिक समस्या हो जस्तो लागेर हेटौंडा अस्पतालमा जचाँउन आइन् । आफूलाई एन्जाइटी भएको थाहा भएपछि अहिले उपचारमा लागेकी छिन् । पहिले अरुले के भन्लान भनेर कसैलाई नभनेको समस्या बिशेषज्ञकहाँ आएर उपचार पाएपछि अहिले मनोबल बढेको बताउँछिन् ।



सरिता जस्तै सामाजिक सञ्जाल र सञ्चारमाध्यमबाट मानसिक समस्याबारे जानकारी पाएर आफ्नो मानसिक समस्या समाधानका निम्ति अस्पताल धाउनेहरुको सँख्या बढ्दै गइरहेको हेटौंडा अस्पतालका मनोरोग बिशेषज्ञ डाक्टर उद्धव लामा बताउँछन् । उनका अनुसार हेटौंडा अस्पतालमा दैनिक २० देखि ३५ जनासम्म बिरामी मानसिक समस्या लिएर आउने गरेका छन् । नेपाली समाजमा मानसिक समस्यालाई सामान्य कुरा मानिने र इज्जत जाने डरका कारण यस्ता समस्याबारे बिरामीहरु खुलेर सहजरुपमा उपचारमा जान चाहदैनन् । समस्या नियन्त्रण बाहिर गएपछि मात्रै स्वास्थ्य सँस्थामा बिरामीहरु जाने गर्दथे ।

तर, पछिल्लो समय भने जँचाउन आउने धेरैजसोले सामाजिक सञ्जालबाट समस्याबारे जानकारी पाएर विशेषज्ञ सेवा लिन आएको डाक्टर लामाले बताए । उनीहरु निन्द्रा नलाग्ने, डर लाग्ने, आत्तिएको जस्तो हुने, बढी चिन्ता हुने जस्ता समस्याहरु पनि मानसिक समस्या हो र यसको उपचार विशेषज्ञबाट हुन्छ भन्ने जानकारी सामाजिक सञ्जालबाट पाएका कारण परामर्शका लागि आएको डाक्टर लाई बताउछन् । डाक्टर लामाका अनुसार २०७२ सालको भुकम्प तथा कोभिड-१९ को महामारीपछि मानसिक समस्या अत्यधिक बढेको भएपनि उपचारमा आउने न्युन छन् ।

यद्यपी आउनेमध्ये अधिकांश सञ्चारमाध्यम तथा सामाजिक सञ्जालको कारणले नै आउने गरेको उनको दाबी छ । सबैभन्दा बढी समस्या डिप्रेसन र एन्जाइटी देखिएको छ भने मकवानपुरको सन्दर्भमा लागूऔषध दुर्व्यसनी र मादक पदार्थ अत्यधिक सेवनका कारण पनि मानसिक समस्या बढी देखिएको लामाको भनाइ छ । यस्तै विविध कारणले गर्दा पुरुषलाई भन्दा बढी महिलालाई मानसिक समस्या देखिने गरेको छ । महिलालाई सामाजिक रुपमा विभेद, स्वतन्त्रताको अभाव र अधिकतम कामको जिम्मेवारी जस्ता बिषयले मानसिक समस्या निम्तिने गरेको उनले बताए ।

यस्तै घर र कार्यक्षेत्रका कामको दोहोरो भूमिकामाथि सामाजिक संस्कारहरुले थिचिएर तनाव व्यवस्थापन गर्न नसक्दा महिलालाई बढी मानसिक समस्या देखिने बिशेषज्ञको भनाइ छ । सामाजिक सञ्जालसँगै विभिन्न संघसँस्थाले मानसिक स्वास्थ्य बिषयमा जनचेतनामूलक कार्यक्रमहरु गर्दै आएका छन् । मानसिक स्वास्थ्यबारे जनचेतना बढ्दै गएपनि उपचार सेवा लिनेको संख्या अत्यन्त न्यून छ । दैनिक रुपमा हेटौंडा अस्पतालमा एक हजार भन्दा धेरै बिरामीहरु अन्य सेवा लिन आइर हँदा मनोरोग उपचारका लागि ३० जना भन्दा कम आउने गर्दछन् ।

गत साउन महिनामा यस अस्पतालमा ३१ हजार ८ सय ९४ जनाले उपचार सेवा लिएकोमा मनोरोगतर्फ जम्मा २ सय ९६ जनाले मात्र सेवा लिएका थिए । मानसिक रोग तथा समस्याबारे जानकारी बढ्दै गएपनि अस्पताल जान संकोच मान्ने परिपाटीले गर्दा उपचार गराउनेको संख्या न्यून रहेको मनोरोग बिशेषज्ञहरुको भनाइ छ । उचित उपचार, मनोपरामर्श र सामाजिक सहयोग पाएको खण्डमा मानसिक समस्याको पूर्णरुपमा उपचार सम्भव भएकोले केही समय यता मानसिक समस्या भएका बिरामीको संख्या बढ्दो क्रममा छ ।

मनोचिकित्सकका अनुसार सामान्यतया मानव मस्तिष्कले गर्ने विभिन्न कार्य बोली, चेतना, भावना, विचार, स्मृति, स्मरण शक्ति आदि कार्यमा गडबडी हुनु मानसिक समस्या हो । कुनै देखिने रोग मात्र पूर्ण स्वस्थताको अवस्था होइन । कुनै व्यक्ति शारीरिकरुपमा स्वस्थ भईकन मन, विचार, सोच, व्यवहारमा तादाम्य राख्छ, व्यक्तिले आफू, परिवार, समाजमा सामञ्जस्य कायम गरेको छ, व्यक्तिको व्यवहार, सोच त्योसँग मेल खान्छ, आफ्नो पोटेन्सियल, स्ट्रेन्थ, कमजोरपन सहज रुपमा चाल पाउँछ, त्यसलाई मनन गर्न सक्छ, आफू, परिवार र समाजलाई केही योगदान गर्न सक्छ भने त्यो अवस्थामा व्यक्तिको मानसिक रुपमा स्वस्थ भएको बुझिन्छ ।

जुटेन सहमति, आज मतदान

# एमाले प्रदेश अध्यक्षमा दाहाल र उपाध्यक्षमा ठकुरीको उम्मेदवारी



साझाकुरा संवाददाता

हेटौंडा, १० असोज/ नेकपा एमालेको बागमती प्रदेश कमिटीको अध्यक्ष पदमा पाँच जनाको उम्मेदवारी परेको छ । एमाले प्रदेश कमिटीको पदाधिकारीमा मकवानपुरका दुई जनाले उम्मेदवारी दिएका छन् ।

मकवानपुरबाट अध्यक्षमा कृष्णप्रसाद दाहाल र उपाध्यक्षमा सुवासचन्द्र ठकुरीले उम्मेदवारी दर्ता गराएका हुन् । उपाध्यक्षमा प्रतिनिधिसभा सदस्य महेशकुमार बर्तौलाले उम्मेदवारी दिने तयारी गरेका थिए । बर्तौलाले ठकुरीका लागि उपाध्यक्षमा ठाउँ दिएका छन् । इन्द्रसरोबर गाउँपालिका घर भएका ठकुरी संविधानसभा सदस्य हुन् । उनी ४ मंसिर २०७९ मा भएको निर्वाचनमा प्रतिनिधिसभा सदस्य उम्मेदवार बन्न चाहन्थे । ठकुरीलाई बर्तौलाले पन्छाउँदै टिकट हात पारेका थिए ।

यसैगरी, एमाले प्रदेश अध्यक्षमा मकवानपुरका दाहालसहित रामेछापका कैलाश ढुंगेल, केशर बहादुर बुढाथोकी, सानुकुमार श्रेष्ठ र केशवराज पाण्डेले उम्मेदवारी दर्ता गराएका हुन् । नुवाकोटका पाण्डेले अन्तिममा उम्मेदवारी दर्ता गराएका हुन् । पाण्डेलाई उम्मेदवारी दर्ता गर्न अवरोध भएको जनाइएको छ । अध्यक्ष मण्डलका अध्यक्ष गुरु बरालसहितबाट उनलाई उम्मेदवारी दर्ता गर्न अवरोध गरिएको चर्चा छ । उनको मनोनयन दर्तामा बरालसहित आनन्द पोखरेल, डोरमणि पौडेललगायतले रोकेपछि केहीबेर तनावको अवस्था समेत भएको मनोनयन दर्तास्थलमा रहेका एक नेताले बताए ।

उनका अनुसार होहल्ला भएपछि अन्तिम समयमा पाण्डेको पनि वारेसनामामार्फत् उम्मेदवारी दर्ता भएको हो । पाण्डेको उम्मेदवारी गणेश श्रेष्ठको वारेशनामामार्फत् दर्ता भएको हो । केपी ओली निकट मानिने पाण्डेलाई सो समूहबाट अर्का उम्मेदवार रहेको भन्दै उम्मेदवारी दिनबाट रोकेको बताइएको छ । यद्यपि होहल्लापछि अन्तिम समयमा उनको पनि उम्मेदवारी दर्ता भएसँगै कुल उम्मेदवारी ५ जनाको परेको निर्वाचन समितिले जनाएको छ ।

अध्यक्षका उम्मेदवार ढुंगेलको प्रस्तावकमा आनन्दकुमार श्रेष्ठ र समर्थकमा वचन देउजा छन् । ढुंगेलका प्रस्ताव श्रेष्ठ रामेछाप जिल्ला अध्यक्ष र देउजा भक्तपुर जिल्ला अध्यक्ष हुन् । त्यसैगरी दाहालको प्रस्तावकमा हिदम लामा र समर्थकमा देवकृष्ण विकल रहेका छन् । दाहालका प्रस्तावक लामा भीमफेदी गाउँपालिका अध्यक्ष हुन् । यस्तै, उपाध्यक्षमा पाँचजनाको उम्मेदवारी परेको छ । सुवासचन्द्र ठकुरी, नारायणप्रसाद खतिवडा, दावादोर्जे लामा, ईश्वरचन्द्र पोखरेल, र राजेन्द्र राजथलाले उपाध्यक्षमा उम्मेदवारी दिएका हुन् ।

सचिवमा रत्न गुरुङ, नवराज सिलवाल, हस्त पण्डित र राकुमार अधिकारीले उम्मेदवारी दर्ता गराएका छन् । यस्तै, उपसचिवमा खड्गबहादुर खत्री, गंगादेवी श्रेष्ठ, डबल पाण्डे, टासी लामा, भक्तकुमारी लामा, ओमराज पन्त, ठाकुरप्रसाद गजुरेल, कृष्णहरि थापा र रमेश महर्जनले उम्मेदवारी दिएका छन् । बागमती प्रदेशमा नेकपा एमालेका संगठित सदस्य झण्डै एक लाख १० हजार रहेका छन् । उनीहरुमध्येबाट ११ सय ३८ जना प्रतिनिधि छानिएर काठमाडौंमा अधिवेशनका लागि सहभागी छन् ।

एमाले अध्यक्ष केपी ओलीले अधिवेशन उद्घाटन गर्दै व्यक्तिव्यक्तिलाई निर्वाचनमा प्रतिस्पर्धा गर्न छुट भएपनि प्यानल बनाएर निर्वाचनमा गए उम्मेदवारी नै खारेज गर्ने चेतावनी दिएपछि नेताहरु प्यानलविनै निर्वाचन प्रतिस्पर्धामा उत्रिएका हुन् ।

# नागस्वतीमा २७ औं टोलस्तरीय फुटबल

साझाकुरा संवाददाता

हेटौंडा, १० असोज/ नवज्योति टोल विकास संस्था हेटौंडा-७, नागस्वतीको आयोजनामा आगामी असोज २३ गतेदेखि २७ औं टोलस्तरीय फुटबल प्रतियोगिता आयोजना गर्ने भएको छ ।

हरेक वर्ष बिजयादशमीको अवसर पारेर गरिदै आएको प्रतियोगीतालाई यो पटक गतवर्षको बिजेता नवज्योति टोल विकास अन्तर गतको भिआईपी फुटबल टिमको आयोजनामा हुँदैछ । नागस्वतीस्थित नवज्योति माविको खेलमैदानमा प्रतियोगिता सञ्चालन हुन लागेको खेल संयोजक सुशील सुबेदीले बताए । बुधबार पत्रकार सम्मेलन मार्फत प्रतियोगिताको तयारीको बारेमा जानकारी समेत गराइएको थियो । प्रतियोगिता कात्तिक ३ गतेसम्म सञ्चालन हुने र करिब १२ वटा टोली सहभागी रहने अनुमान गरि



एको प्रतियोगिताका आर्थिक संयोजक राजु कार्कीले जानकारी दिए ।

उनका अनुसार प्रतियोगिता सहभागी टोली दुई समूहमा विभाजन गरी लिगचरणमा खेल खेलाइनेछ । प्रतियोगिताको विजेताले नगद ५३ हजार रुपैयाँसहित खसी प्राप्त गर्नेछ भने उपविजेताले खसीसहित विभिन्न उपहार प्राप्त गर्ने जनाइएको छ । प्रतियोगिताका उत्कृष्ट खेलाडीलाई विधागतरुपमा पुरस्कारको व्यवस्था गरिने समेत संयोजक सुवेदीले जानकारी दिए । प्रतियोगीतामा वडा नम्बर ७ बसोबास गर्ने खेलाडी र टिमले मात्र सहभागी हुन पाउने छ ।

बिस २०५२ सालदेखि आयोजना हुँदै आएको प्रतियोगितामा हरेक वर्षको बिजयी समूहनै अर्को वर्षको आयोजक बन्ने प्रचलन रहेको सुबेदीले बताए । खेलका लागि अनुमानित ५ लाख रुपैयाँ खर्च हुने बताइएको छ । पत्रकार सम्मेलनमा नागस्वती भेट्रान्सका अध्यक्ष सोम तितुङ, आयोजक सदस्य राजकुमार बानियाँ, गोकुल अधिकारीलगायतको सहभागिता रहेको थियो ।

# गाँजा ओसारपसारको आरोपमा चारजना पक्राउ



साझाकुरा संवाददाता

हेटौंडा, १० असोज/ जिल्ला प्रहरी कार्यालय मकवानपुरले जिल्लाका छुट्टाछुट्टै स्थानबाट लागूऔषध गाँजा ओसारपसार गरेको आरोपमा ४ जनालाई पक्राउ गरेको छ ।

प्रहरीले हेटौंडा उपमहा नगरपालिका-१४ कालिकाखोल्चाबाट २ जना र हेटौंडा उपमहानगर पालिका-१५ रातोमाटेबाट २ जनालाई नियन्त्रणमा लिएको हो । हेटौंडा-१४ कालिकाखोल्चाबाट मंगलबार लागूऔषध गाँजा ६० केजीसहित हेटौंडा-१ चौकीटोल बस्ने ३३ वर्षीय धनबहादुर विक र मनहरी गाउँपालका-१ बस्ने ४० वर्षीय अवतारसिंह डिमडुङलाई नियन्त्रणमा लिएको मकवानपुरका प्रहरीप्रबक्ता लक्ष्मी भण्डारीले जानकारी दिए । जिल्ला प्रहरी कार्यालय मकवानपुर, ईलाका प्रहरी कार्यालय पशुपतिनगर र प्रहरीचौकी रातोमाटेबाट खटिएको संयुक्त टोलीले उनीहरुलाई गाँजा सहित नियन्त्रणमा लिएको हो ।

यसैगरी, प्रहरीले हेटौंडा-१५ रातोमाटेबाट लागूऔषध गाँजा २० केजीसहित २ जनालाई मंगलबार दिउँसो नियन्त्रणमा लिएको छ । चितवन राप्ती नगरपालिका-३ बस्ने २२ वर्षीय अशोक तामाङ र ३२ वर्षीय बिसन प्रजालाई गाँजासहित प्रहरीले नियन्त्रणमा लिएको हो ।

ईलाका प्रहरी कार्यालय पशुपतिनगर र प्रहरीचौकी र ातोमाटेबाट खटिएको प्रहरीले प्रदेश ३-०१-०२५ च ५७८३ नम्बरको बोलेरो गाडीलाई जाँच गर्ने क्रममा गाडीमा सवार उनीहरुलाई गाँजासहित पक्राउ गरिएको प्रवक्ता भण्डारीले बताए ।

# आत्महत्या रोकथाम न्यूनीकरण प्रशिक्षण

साझाकुरा संवाददाता

हेटौंडा, १० असोज/ लायन्स क्लब अफ थाहा पिस र लियो क्लब अफ पिस थाहानगरको आयोजनामा आत्माहत्या न्यूनीकरण सम्बन्धी प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ ।

क्लबले बुधबार ईलाका प्रहरी कार्यालय पालुङसँगको सहकार्यमा थाहा नगरको जनकल्याण माध्यमिक विद्यालयमा कार्यक्रम सम्पन्न गरेको हो । कार्यक्रममा जनकल्याण माविका कक्षा १० मा अध्ययनरत विद्यार्थीलाई आत्महत्या न्यूनीकरणका उपायहरुको बारे ईलाका प्रहरी कार्यालयका प्रमुख प्रहरीनिरीक्षक श्याम थापामगरले प्रशिक्षण दिएका थिए । लियो क्लव अफ पिस थाहानगर बर्ष २०२३/२०२४ का अध्यक्ष रोशनी गोपालीको अध्यक्षतामा भएको कार्यक्रममा जनकल्याण माविका प्रधानाध्यापक सानोभाइ कार्कीको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा लायन्स क्लब अफ थाहा पिसका पूर्वअध्यक्ष जयराम खत्री, बर्ष २०२३/२०२४का कोषाध्यक्ष दिपेन्द्रकुमार थिङ, सचिव निरज रायमाझीको आतिथ्यता रहेको थियो । लियो क्लव अफ पिस थाहा नगरका निवर्तमान अध्यक्ष निशा बिष्टले सञ्चालन गरेको कार्यक्रममा लियो क्लवका पूर्वअध्यक्ष अनन्त ढकाल, सचिव प्रेरणा खत्री, कोषाध्यक्ष स्मिता बिष्टलगायतको उपस्थिति रहेको थियो ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# सार्वजनिक यातायातमा जोखिम

हाम्रो सडकको बनावट एवम् दुरावस्था, भौगोलिक अवस्थिति, चालकको काबुवाहिरको परिस्थिति, चालकको हेलचेक्रयांई, खराब मौसमका कारण सवारी दुर्घटना हुने गर्दछ । हाम्रो देश सडक दुर्घटना बढी हुने देशमध्ये पर्दछ । सडक दुर्घटनाका कारण अकालमा असंख्य जनधनको क्षणभरमै क्षती भइरहेको छ । क्षणभरमा कसैको घर उजाड भइरहेको छ । दुर्घटना न्यूनीकरणका लागि सबै उपायहरु अवलम्बन गर्नुपर्छ, तथापी हामीले गर्ने सावधानी र खबरदारीले दुर्घटना न्यूनीकरण गराउन सकिन्छ तर, शुण्य हुन सक्दैन । दुर्घटना पश्चात यातायात व्यवसायीले घाइते तथा अंगभंगको सम्पूर्ण खर्च व्यहोर्नुपर्छ, मिलापत्रमा केही राहत रकम नदिई मिलापत्र हुन सक्दैन भने मृतकका परिवारमा पनि बीमावाहेक थप रकम नदिई छुटकारा पाउन सकिन्न । सवारी दुर्घटनामा परी ज्यान गुमाउनेको परिवारले मोटर बीमाबाट क्षतीपूर्तिवापत ५ लाख रुपैयाँ पाउने र घाइतेको उपचारखर्च जेजति भएपनि अधिकतम रु. ३ लाख बीमाले व्यहोर्ने नीति बनेको आज १५ बर्ष भइसकेको छ । १५ वर्ष अघिको र आजको मितिको ५ लाखको मूल्यमा कति अन्तर परिसक्यो ? यसमा तत्काल राज्यको सम्बोधन हुनु जरुरी छ ।

आगामी दिनमा हरेक २ बर्षमा क्षतिपूर्ति रकम पुनरावलोकन गर्ने नीतिगत व्यवस्था हुनुपर्दछ । घाइतेको उपचार खर्चको पनि पुनरावलोकन हुन सकेको छैन । सवारी दुर्घटनाको उपचार खर्च अत्यन्तै महंगो छ । यातायात व्यवसायीले गम्भिर घाइतेको उपचार खर्च ५० लाख भन्दा बढी व्यहोर्नु परेको अवस्था छ । बीमाबाट आउने ३ लाख रुपैयाँले त्यो व्यवसायीलाई कति राहत देला ? सवारी दुर्घटनामा घाइते, मृत्यु जस्ता मानवीय क्षती वाहेक पनि सवारी, घरटहरालगायत भौतिक क्षति हुने गर्दछ । सवारीधनीले त्यो तेस्रोपक्ष भौतिक क्षतिको पनि दायित्व बोक्नु नै पर्छ । यस्तो परिवेशमा यो पेशा कसरी अघि बढिरहेको छ ? भन्ने अध्ययन गर्ने हो भने जसोतसो व्यवसायीबाटै शुल्क उठाई संघ, संस्था, समिति, कम्पनीले संचालन गर्दै आएको बास्केट फण्डले यो जोखिमलाई धानेका छन् । नेपाल सरकारले सवारी दुर्घटना पश्चात उत्पन्न हुने सम्पूर्ण जोखिम वहन गर्ने खालको बीमा पोलिसी तत्काल बनाउनु पर्दछ वा यो संभावना छैन भने बास्केट फण्ड संचालन गर्न पाउने नीतिगत स्पष्ट व्यवस्था हुनुपर्दछ । सवारी दुर्घटनाको अंगभंग घाइतेतर्फको उपचार, क्षतीपूर्ति र कानुनी व्यवस्था कहालीलाग्दो छ । क्षतिपूर्तिवापत पाउने ५ लाख रुपैयाँले के हुन सक्छ ? कम्तिमा बाचुन्जेल स्याहार सुसार र औषधिउपचार हुनसक्ने खालको क्षतिपूर्ति रकम व्यवस्था वा वैकल्पिक उपायको खोजी गर्नु जरुरी छ । राज्यले पूर्णरुपमा अंगभंग वा प्यारालाइसिस भएको व्यक्तिको परिवारबाट कम्तिमा १ जनालाई रोजगारी दिने व्यवस्था गर्ने हो भने पनि वैकल्पिक उपाय बन्न सक्छ ।

दुर्घटनामा संलग्न सवारीको दोष र गल्तीअनुसार कारवाही हुनुपर्नेमा सानो सवारी र ठूलो सवारी, अझ भन्नैपर्दा रोकी राखेको ट्रक/बसमा मोटर साइकल आएर ठोक्किंदा पनि ट्रक/बसलाई क्षतीपूर्ति तिर्न लगाइन्छ । सडक अतिक्रमण गर्ने र छाडा चौपाया छोड्नेहरुप्रति पनि प्रशासन कठोर हुन जरुरी छ । सवारी दुर्घटना हुने प्रमुख कारणहरु भनेको चालकको लापरवाही, चालकको गलत/खराव नियत, भवितव्य, काबुवाहिरको परिस्थिति, यान्त्रिक गढवडी, बाटोको दुरावस्था, खराब मौसमलगायत कारण भए पनि हरेक दुर्घटनामा चालकवाहेक अन्य पक्षको गल्तिलाई कम आंकलन गरिन्छ । दुर्घटनाका कारण अनेक हुन्छन् तर, सबै दुर्घटनामा चालकको लापरवाही देखाउने र कारवाहीका नाममा चालकलाई जेल पठाउने, चालकसँग धरौटी माग गर्ने जस्ता अव्यवहारिक अभ्यासको अन्त्य हुनुपर्ने माग यातायात व्यवसायीले बर्षौंदेखि उठाउँदै आएका छन् । खासगरी वर्षात्को मौसम र चाडपर्वमा बढी दुर्घटना हुने गरेका छन् । वर्षात् र चाडपर्वमा बढी साबधानी अपनाउनुको बिकल्प छैन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० असोज १२ गते शुक्रबार २९ सेप्टेम्बर २०२३ । पूर्णिमा, भाद्र शुक्लपक्ष । ञलाथ्व ११४३ ने.सं. । सूर्योदय ५:५६, सूर्यास्त ५:५१ । विश्व हृदय दिवस । इन्द्रदह-स्नान । भक्तपुर सिद्धपोखरी मेला । चेपाङ छोनाम (न्वागी) पर्व । पुर्णिमा व्रत ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्यमा खराबी आउनेछ | तुला | : जग्गा जमिनबाट लाभ हुनेछ |
| वृष | : शुभ कामको संकेत मिल्नेछ | वृश्चिक | : सोचेभन्दा बढी खर्च हुनेछ |
| मिथुन | : शरीरमा केही आलश्य हुनेछ | धनु | : मित्रतामा कमी आउनेछ |
| कर्कट | : सफलता मिल्न गाह्रो छ | मकर | : कामको जिम्मेवारी बढ्नेछ |
| सिंह | : यात्राबाट नोक्सान हुनेछ | कुम्भ | : मनोरञ्जन प्राप्त हुनेछ |
| कन्या | : घाउचोट लाग्न सक्नेछ | मीन | : व्यापारबाट लाभ मिल्नेछ |

# पर्यटकीय नीतिमा समग्रता झल्किनु जरूरी छ



✍ अजयकुमार झा



पर्यटन सदैव यस संसारको महत्वपूर्ण विषयको रूपमा रफयो । वर्तमान समयमा यो एक विशाल उद्योग र आम विकासको स्रोत र प्रक्रिया बन्न पुगेको छ । पर्यटन विस्तृत भू-भागमा गरिने भ्रमण हो । पर्यटन आन्तरिक (आफ्नै देशभित्र) वा अन्तर्राष्ट्रिय हुन सक्छ । अन्तर्राष्ट्रिय पर्यटनले देशमा विदेशी मुद्रा भित्र्याउने र त्यसैगरी देशको विदेशी मुद्रा बाहिरिने अर्थात् भुक्तानी सन्तुलनमा आगमन र बहिर्गमन दुवै प्रक्रियामा प्रभाव पार्छ । सरकारहरूले आफ्नो पर्यटकीय सम्भावनाहरूमा लगानी गर्ने र प्रचार प्रसार गर्ने कारण यही हो । त्यसैगरी प्रदेश तथा स्थानीय सरकारहरूले पनि आफ्ना सम्भावित पर्यटकीय क्षेत्रहरूमा प्रचुर आम्दानी गर्ने आर्थिक कार्यक्रम अन्तर्गत लगानी गर्दछ ।

विश्वस्तरमा पर्यटनको विकासका लागि संयुक्त राष्ट्रले विश्व पर्यटन संगठनको नामबाट एक निकायको निर्माण गरेको छ । यस संगठनलाई दिगो र विश्वव्यापी पहुँचयोग्य पर्यटन प्रवर्धन गर्ने जिम्मेवारी तोकिएको छ । पर्यटनको क्षेत्रमा अग्रणी अन्तर्राष्ट्रिय संस्थाको रूपमा यसले पर्यटनलाई आर्थिक वृद्धि, समावेशी विकास र वातावरणीय दिगोपनको चालकको रूपमा प्रवर्धन र विश्वव्यापी ज्ञान र पर्यटन नीतिहरू अगाडि बढाउन यस क्षेत्रलाई नेतृत्व र समर्थन प्रदान गर्दछ ।

पर्यटन भनेको रमाइलो मनाउन वा व्यापार गर्नको लागि गरिने यात्रा हो । साथै पर्यटनको सिद्धान्त र अभ्यास, पर्यटकहरूलाई आकर्षित गर्ने, समायोजन गर्ने, मनोरञ्जन गर्ने व्यवसाय र सञ्चालन भ्रमणहरूको व्यवसाय आदि गरी विश्व पर्यटन संगठनले पर्यटनलाई सामान्य रूपमा परिभाषित गरेको छ । यातायातको वैकल्पिक साधन र प्रविधिका कारण विकसित, अविकसित हरेक देशको पर्यटन उद्योग फस्टाउन थालेको छ । आज अन्तरिक्ष पर्यटनको ढोका समेत खुलेको छ ।

विश्व पर्यटन दिवस १९८० देखि प्रत्येक वर्ष सेप्टेम्बर २७ मा मनाइन्छ । विश्व पर्यटन संगठनको सन् १९७९, टोरेमोलिनोस (स्पेन) मा सम्पन्न महासभाले संगठन स्थापना भएको दिन विश्व पर्यटन दिवस मनाउने निर्णय गऱ्यो । विश्व पर्यटन दिवस उत्तरी गोलार्ध र दक्षिणी गोलार्धमा पर्यटन गर्न अनुकूल हुने मौसममा आउने भएकाले विशेष गरी उपयुक्त छ ।

नेपाल पनि विश्व पर्यटन संगठनको सदस्य राष्ट्र हो र हरेक वर्ष विश्व पर्यटन दिवसमा सहभागिता जनाउँदै मुलुकको पर्यटन उद्योगको विकासका लागि काम गर्दै आएको छ । नेपालमा पर्यटन मन्त्रालय (संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय), पर्यटन विभाग, नेपाल पर्यटन बोर्ड, नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान, नेपाल पर्वतीय प्रशिक्षण, पर्यटक प्रहरी, पर्यटन समितिहरू (तारा गाउँ विकास समिति, नेपाल पर्यटन तथा होटल व्यवस्थापन समिति, पर्वतीय प्रशिक्षण विकास समिति, पर्वतीय प्रशिक्षण विकास समिति, लुम्बिनी क्षेत्र पर्यटन प्रवर्द्धन विकास समिति) रहेका छन् । त्यस्तै निजी क्षेत्रमा उद्यम व्यवसायीहरू, उनीहरूको कम्पनी तथा हित संगठनहरू, पेशाकर्मी तथा उनीहरूको ट्रेड युनियन, संघ, महासंघ र आधिकारिक सामूहिक सौदाबाजी समितिहरू पनि सक्रिय रहेका छन् । नेपालको पर्यटन उद्योग तथा बजारमा १५ खर्ब लगानी रहेको छ । कुल गार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको योगदान ७.८ प्रतिशतको हाराहारीमा छ । लगानी र उत्पादनमा पर्यटन उद्योगको उल्लेखनीय सक्रियता देखिएको मात्र होइन, उल्लेखनीय रोजगारी पनि दिएको छ ।

संविधानले मुलुकमा तीन तहको सरकार गठन गर्दछ । कुनै पनि क्षेत्रको विकासका लागि के कुन तहको सरकारलाई त्यस विषयको कुन रूपमा के कति अधिकारसम्पन्न गराइएको छ अथवा के-कति जिम्मेवार बनाइएको छ भन्ने यसको अर्थ हो । हामीले यहाँ पर्यटन क्षेत्रको विकास सम्बन्धी कुरा गर्दै गर्दा पर्यटनको विषयमा वर्तमान संघीय संविधानको अनुसूची ५ अर्थात् संघीय सरकारको अधिकारमा पर्यटन नीति (क्र.सं. २९), अनुसूची ६ अर्थात् प्रदेश सरकार को अधिकारमा पर्यटन (क्र.सं. ४) र अनुसूची ७ अर्थात् संघ र प्रदेशको संयुक्त अधिकारमा पर्यटन (क्र.सं. १८) भनी उल्लेख गरिएको छ । तर स्थानीय सरकारतर्फ भने अनुसूची ८ अर्थात् स्थानीय तहको अधिकार सूचीको मूल विषयमा नभई स्थानीय कर (क्र.सं ४) को सूचीमा पर्यटन शुल्क भनी उल्लेख गरिएको छ । त्यस्तै अनुसूची ९ अर्थात् संघ, प्रदेश र स्थानीय तहको संयुक्त अधिकारको सूचीमा पनि मूल विषयमा उल्लेख नभई क्र.सं. ६ मा उल्लेख गरिएको शुल्क-दस्तुर हरूको क्रममा पर्यटन शुल्क भनी उल्लेख गरिएको छ । संविधानको यस्तो व्यवस्थाबाट के बुझिन्छ भने पर्यटन क्षेत्रबाट प्राप्त हुने पर्यटन शुल्कमा तीनवटै तहको अधिकार भए पनि पर्यटन सम्बन्धी नीति तथा कार्यक्रमको तर्जुमा र सञ्चालन गर्ने अधिकार स्थानीय तहलाई नदिई संघ र प्रदेशको अधिकारमा सीमित गरिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९ ले प्रदेश सरकारले कुनै गाउँपालिका वा नगरपालिकाको ऐतिहासिक महत्व, पुरातात्विक वस्तु, कला वा संस्कृतिको संरक्षण वा पर्यटन प्रवर्द्धन गर्न उपयुक्त देखेमा त्यसको लागि मापदण्ड तोकी कुनै गाउँपालिका वा नगर पालिका वा सोको कुनै क्षेत्रलाई चार किल्ला खोली सांस्कृतिक वा पर्यटकीय क्षेत्र घोषणा गर्न सक्ने व्यवस्था गरेको छ । यसरी घोषणा गरिएका सांस्कृतिक वा पर्यटकीय क्षेत्रको विकासको लागि प्रदेश सरकारले विशेष कार्यक्रम तथा बजेटको व्यवस्था गर्न सक्नेछ । यद्यपि यस दफा अन्तर्गत गाउँपालिका वा नगरपालिकाले पनि आफ्नो क्षेत्रभित्रका कुनै स्थानलाई सांस्कृतिक वा पर्यटकीय क्षेत्र घोषणा गर्न सक्ने व्यवस्था गरिएको छ ।

प्रदेशस्तरमा मधेश प्रदेशको पोर्टल हेर्दा पर्यटन मन्त्रालय (उद्योग पर्यटन तथा वन मन्त्रालय) तथा त्यस अन्तर्गतको महाशाखा तथा शाखा कार्यरत रहेको देखिन्छ । कोशी प्रदेशमा पर्यटन तथा संस्कृति मन्त्रालय र त्यस तहत पर्यटन कार्यालय (धरान अस्थायी), प्रदेश संग्रहालय (धनकुटा र काँकरभिट्टा) र पर्यटन विकास आयोजना (विराटनगर) कार्यरत रहेको देखिन्छ । बागमती प्रदेश सरकारको पर्यटन तथा संस्कृति मन्त्रालयले प्रत्यक्ष रूपमा पर्यटन सम्बन्धी कार्य सञ्चालन गरेको देखिन्छ । गण्डकी प्रदेशमा पर्यटन मन्त्रालय (पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय) तथा त्यस अन्तर्गतको पर्यटन कार्यालय पोखरा कार्यरत रहेको देखिन्छ । यी केही प्रदेशका उदाहरण मात्र भए पनि यिनै उदाहरणबाट प्रदेश सरकारमा पर्यटन सम्बन्धी नीति निर्माण, कार्यक्रम तर्जुमा तथा कार्यान्वयनका लागि व्यवस्था गरिएको सांगठनिक ढाँचाको प्रवृत्ति बुझ्न सकिन्छ ।

प्रदेश सरकार नयाँ शासकीय संरचना हो । प्रदेश सरकार गठन भएको पाँच वर्ष भएको छ । क्रान्ति वा आन्दोलनको बलमा निर्माण हुने शासकीय संरचनाको संस्थापनमा पाँच वर्षको समय अपर्याप्त हो । नयाँ संरचनाको संस्थापनमा आन्दोलनविरोधी वा यथास्थितिवादीहरूको पूर्ण समर्थन र सहयोगको अभाव हुन्छ । भन्न सकिन्छ उनीहरूको रवैया अवरोधजन्य हुन्छ । प्रतिक्रान्ति भएर नयाँ संरचना पूर्ण आकार लिन नपाउँदै ढल्ने डर पनि साथै हुन्छ । यस्तो अवस्थामा नयाँ संरचनाहरूले नीतिनिर्माण, कार्यक्रम तर्जुमा र त्यसको कार्यान्वयन गर्ने सक्षमता प्राप्त गर्न थप समय लाग्ने अवस्था हुन्छ ।

प्रदेश सरकारहरूले आफ्नो वार्षिक कार्यक्रमहरूमा पर्यटकीय विकाससँग सम्बन्धित कामकुरामा बजेट विनियोजन गरेको त देखिन्छ तर पर्यटकीय विकासकै प्रकृतिको कार्यक्रमका लागि चाहिंदो स्पष्टताको अभाव देखिन्छ । यस कार्यक्रमले के-कसरी पर्यटकीय विकासको आवश्यकताको पूर्ति गर्दछ भन्ने पुष्ट्याइँको पनि अभाव देखिन्छ । मूलत: स्पष्ट पर्यटन नीतिको अभाव भए कार्यक्रम पनि स्पष्ट नहुने निश्चित छ । साथै जे, जुन रूपमा भए पनि लक्षित कार्यक्रमहरूमा के-कति प्रगति भए भन्ने कुराको प्रगति समीक्षा पनि नजरमा पर्न सकेको देखिँदैन । लक्ष्य वा कार्यक्रममा यति छिटो पूर्णताको अपेक्षा गर्नु नै उपयुक्त हुँदैन ।

प्रदेश सरकार वा स्थानीय तहका सरकारहरूको पर्यटन नीति र पर्यटन विकासको कामकुराहरू स्पष्ट र व्यवस्थित हुन नसकेको अवस्थामा नेपालको र यस देशभित्र प्रदेशहरूको र त्यसभित्र पनि स्थानीय तहहरूको पर्यटकीय विकासको अवस्था के छ भन्ने कुरा जान्नका लागि हामीले संघीय सरकारले सञ्चालन गर्दै आएको कामकुराकै अध्ययन गर्नुपर्ने हुन्छ । संघीय सरकारले अवलम्बन गरेको पर्यटन नीति र त्यस नीतिमा आधारित कार्यक्रमहरूको लक्ष्य के रहेको छ भन्ने कुराले नै प्रदेशस्तरको आवश्यकतालाई कसरी पूरा गर्दछ भन्ने कुरा जान्न सकिन्छ ।

राणाकालीन समयमा नेपालमा राजकीय भ्रमण बाहेक कुनै पनि विदेशीलाई नेपाल भ्रमणको अनुमति थिएन । पछि रूसी पर्यटक बोरिस सिसानेबिचले थोमस कुक एण्ड सन मार्फत नेपालमा विदेशी पर्यटक ल्याउन अनुमति पाए । त्यसपछि फ्रेन्च नागरिक मरिस हर्जोग र लुइस लाकनलले अन्नपूर्ण हिमाल आरोहण गरे । उनी पहिलो अन्नपूर्ण हिमाल आरोही थिए । त्यसपछि नेपालमा पर्यटकहरू आउने र हिमाल आरोहण गर्नेहरूको संख्या बढ्दै गयो ।

नेपालमा पहिलो पञ्चवर्षीय राष्ट्रिय विकास योजना (सन् १९५६-१९६०) ले नेपालमा पर्यटन विकासको राम्रो सम्भावना रहेको र त्यसका लागि पूर्वाधार विकास आवश्यक रहेको औंल्याएको थियो । यसै आधारमा पहिलो राष्ट्रिय संस्थाको रूपमा पर्यटन विकास बोर्ड सन् १९५७ मा स्थापना गरियो । सन् १९५८ मा नेपाल वायुसेवा निगम र सन् १९५९ मा पर्यटन विभाग स्थापना भयो । सन् १९७२ मा राष्ट्रिय पर्यटन गुरुयोजना तयार भयो भने सन् १९७८ मा आएर पर्यटन ऐन बन्यो ।

सन् १९९५ मा नेपालको नयाँ पर्यटन नीति (२०५२) बन्यो । यस नीतिको महत्व के थियो भने यसले पर्यटनमा निजी क्षेत्रको भूमिकालाई उजागर गर्नुका साथै ग्रामीण पर्यटनको विकास अवधारणालाई पहिलोपल्ट स्वीकार गऱ्यो । सन् २००८ मा आएर पुन: नयाँ पर्यटन नीति (२०६५) बन्यो, जुन नीति हालसम्म पनि कार्यान्वयनमा छ । सन् २००९ मा सरकारले निजी क्षेत्रको समेत राम्रो सहभागिता र साझेदारीमा पर्यटनको दीर्घकालीन दृष्टिकोण (टुरिजम भिजन) २०२० तयार पाऱ्यो ।

दीर्घकालीन दृष्टिकोण अनुसार भैरहवास्थित गौतम बुद्ध विमानस्थलको विस्तार तथा सुदृढीकरण, लुम्बिनी क्षेत्रमा पर्यटन पूर्वाधार विकास एवं सामुदायिक सहभागिता अभिवृद्धि, पर्यटन पूर्वाधार विकास आयोजना, पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सुधार, बृहत् हिमाली पदमार्ग परियोजना, बजारीकरण विकास कार्यक्रम, पर्यटन क्षेत्र विकास कार्यक्रम जस्ता केही महत्वपूर्ण कार्यहरू भए । त्यस क्रममा १० वटा जिल्ला विकास समितिहरूले आ-आफ्नो जिल्लाको दीर्घकालीन पर्यटन विकास तथा व्यवस्थापन योजना तयार पार्ने कार्यहरू गरे । त्यसअघि ग्रामीण गरिबी निवारणका लागि पर्यटन कार्यक्रम पनि ६ वटा जिल्लामा लागू भयो ।

पर्यटनलाई हेर्ने दृष्टिकोण आर्थिक हो । पर्यटनले गरिबी निवारण, रोजगारी सिर्जना, वैदेशिक मुद्रा आर्जन गरिन्छ तर यसले राष्ट्रिय पहिचान बढाउन पनि योगदान गर्दछ । नेपाल प्राकृतिक, धार्मिक, सांस्कृतिक विविधतायुक्त पहिचान भएको देश हो । यहाँ पर्यटनको अपार सम्भावना छ । तर पर्यटकहरूको कुल संख्या र पर्यटकबाट हुने लाभको हिस्सा नेपालले एकदमै कम पाउने गरेको छ । पर्यटन गतिशील र तीव्र रूपमा विकास भएको एक अत्यन्तै प्रतिस्पर्धी क्षेत्र हो । पर्यटन प्रतिस्पर्धात्मक मानकमा नेपाल १०३औं स्थानमा छ, जबकि भारत ४०औं, श्रीलंका ६४औं र भुटान ७८औं स्थानमा छन् । यसको कारण लगानीयोग्य व्यावसायिक वातावरणको मानकमा नेपाल, भारत, भुटान र श्रीलंका भन्दा पछि हुनु हो ।

नेपालमा आउने धेरै पर्यटकको रोजाइ हिमाल आरोहण र पदयात्रा तथा तीर्थयात्रा गर्नेमा पर्दछ । हिमाली पदमार्गले उनीहरूलाई हिमाली प्रकृति, संस्कृति, जीवन, रहनसहन हेर्ने र जान्ने अवसर हुन्छ । छोटो पदमार्गको दूरीमा धेरै अनुभव पाइने पदमार्ग नेपालमा मात्रै छ । यहाँका प्राय: पहाडी पदमार्गमा संरक्षित क्षेत्र र राष्ट्रिय निकुञ्ज पर्छन् । अन्नपूर्ण पदमार्ग घुम्न आउने पर्यटकमा तेस्रो मुलुकका नागरिक बढी रहेका छन् । अन्नपूर्ण संरक्षण क्षेत्र म्याग्दी, मुस्ताङ, मनाङ, कास्की र लमजुङ जिल्लामा पर्दछ । त्यस्तै तीर्थयात्रामा आउने पर्यटकको रोजाइ पशुपति, मुक्तिनाथ, लुम्बिनी, जनकपुरधाम मुख्य हुन्छन् ।

नेपालको प्राकृतिक सुन्दरता, भौगोलिक विविधता, सांस्कृतिक विशिष्टता एवम् नेपालीको अतिथिलाई सत्कार गर्ने व्यवहारले ग्रामीण पर्यटन क्षेत्रलाई विस्तार गर्न सकिने धेरै सम्भावना रहेको छ । नेपालमा पर्यटकलाई आकर्षित गर्ने भौगोलिक अवस्था, सांस्कृतिक विविधता, धार्मिक सहिष्णुता, परम्परागत कलाकौशल, ऐतिहासिक, पुरातात्विक सम्पदा, हिमाली शृंखला महाभारत पहाड, पहाडी ग्रामीण बस्ती, तराईका मैदानी उर्वर फाँटहरू, तालतलैया, नदीहरू, वन्यजन्तु आरक्ष तथा राष्ट्रिय निकुञ्जहरू रहेका छन् । नदीहरूमा रोमाञ्चक जलयात्रा, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षहरू पर्यटकहरूलाई आकर्षित गर्ने क्षेत्र हुन् । ग्रामीण पर्यटनलाई होमस्टेको चलनले राम्रैगरी प्रवर्धन गरेको छ ।

ग्रामीण पर्यटनको विकासका लागि विकासको पूर्वाधार हुनुपर्दछ । ग्रामीण क्षेत्रमा रहेका प्राकृतिक, जैविक, धार्मिक, ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक सम्पदाहरूलाई पर्यटकीय गन्तव्यको नाम र पहिचान नदिई पर्यटकीय गन्तव्य बन्न सक्दैन । आन्तरिक पर्यटनलाई बढावा नदिएसम्म बाफय पर्यटकको आगमनको अपेक्षा राख्न सकिंदैन । ग्रामीण पर्यटनलाई अवधारणामा मात्र सीमित राखेर यस क्षेत्रको विकास सम्भव छैन । ग्रामीण पर्यटन विकासको काम गर्न त्यति

> ग्रामीण पर्यटनको विकासका लागि विकासको पूर्वाधार हुनुपर्दछ । ग्रामीण क्षेत्रमा रहेका प्राकृतिक, जैविक, धार्मिक, ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक सम्पदाहरूलाई पर्यटकीय गन्तव्यको नाम र पहिचान नदिई पर्यटकीय गन्तव्य बन्न सक्दैन । आन्तरिक पर्यटनलाई बढावा नदिएसम्म बाह्य पर्यटकको आगमनको अपेक्षा राख्न सकिंदैन । ग्रामीण पर्यटनलाई अवधारणामा मात्र सीमित राखेर यस क्षेत्रको विकास सम्भव छैन ।

सजिलो पनि छैन । पर्यटन विकासको काम कहाँबाट र कसरी सुरु गर्ने भन्ने प्रश्नको जवाफ पनि सहज छैन । तर यससँगै यो काम असम्भव छ भन्ने पनि होइन ।

अपवाद बाहेकका स्थानीय तह अर्थात् गाउँपालिका वा नगरपालिकाहरूको स्थिति हेर्दा त्यहाँ रहेका पर्यटकीय क्षेत्रहरूको पहिचान गरी सूची तयार गरिएको अवस्था छैन । योजनाबद्ध पर्यटकीय गतिविधि सञ्चालन गर्ने गरिएको छैन । पर्यटकीय सम्पदाहरूको संरक्षण गरी पर्यटकीय उपभोग सम्बन्धी योजना र कार्यक्रम तयार गर्न सकिएको छैन । पर्यटन क्षेत्रमा स्थानीय समुदायको संलग्नतामा पर्यटन व्यवसायलाई सेवा उद्योगको रूपमा विकास गरी स्थानीयस्तरमा रोजगारी सिर्जना गर्ने पर्याप्त कार्यक्रम सञ्चालन गर्न सकिएको छैन । पर्यटन पूर्वाधार विकास गर्दा एकीकृत पूर्वाधार (सडक, खानेपानी, विद्युत्, सञ्चार, सरसफाइ आदि) विकासको अवधारणा तथा 'पर्यावरणमैत्री पूर्वाधार विकास' को योजना अनुसार कार्यक्रम तयार गर्न सकिएको छैन । स्थानीय पर्यटनको सम्भावनालाई क्षेत्रगत रूपमा विविधीकरण गरी स्थानीय पर्यटन सम्बन्धी गतिविधि सञ्चालन गर्न सकिएको छैन । होमस्टे (घरबास) व्यवस्थापन तथा प्रवर्द्धन गर्न योजनाबद्ध र प्रभावकारी क्रियाकलाप सञ्चालन गरी बाफय र आन्तरिक पर्यटकलाई आकर्षित गर्न सकिएको छैन । अन्तरसरकारी, निजी तथा गैर-सरकारी क्षेत्रसँग समन्वय गर्न व्यवस्थापकीय, नीतिगत र कानुनी व्यवस्था नभएकाले अवसर सिर्जना र दायित्व वा स्वामित्व ग्रहण गर्न अधिकार सम्पन्न स्थानीय संयन्त्र बनाउन सकिएको छैन ।

स्थानीय सरकारले पर्यटनलाई नागरिकको जीविकोपार्जन तथा रोजगारीसँग जोडेर पर्यटन नीति र पर्यटन विकासको गुरुयोजना तयार गर्न सक्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (छ) को बुँदा ११ र १२ मा पर्यटन क्षेत्रको विकास विस्तार र प्रवर्द्धन सम्बन्धी एवं नवीन पर्यटकीय सेवा तथा कार्यहरू सम्बन्धी आयोजनाहरूको पहिचान, कार्यान्वयन, व्यवस्थापन, अनुगमन तथा नियमन गर्न सक्ने भनी तोकेको छ । संघ, प्रदेश र स्थानीय तह -समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा ४ उपदफा ३ (ग र घ) अनुसार 'राष्ट्रिय नीति वा प्राथमिकता अनुकूल हुने र त्यसको कार्यान्वयनमा सघाउ पुग्ने' तथा 'प्रदेशको नीति वा प्राथमिकता अनुकूल हुने र त्यसको कार्यान्वयनमा सघाउ पुग्ने' विषय उल्लेख छ । यी दुई कानुनी आधारमा पर्यटन नीति तयार गर्न सकिन्छ । स्थानीय सरकारले आफ्नो क्षेत्रको पर्यटन प्रवर्द्धन गर्न स्थानीय पर्यटन गुरुयोजना तयार गरेर पर्यटनलाई क्रमिक रूपमा विकास र विस्तार गर्न सक्छ । ग्रामीण पर्यटनको माध्यमबाट उद्यमी, व्यवसायी, बेरोजगार र विपन्न वर्ग एवं समूह स्थानीय क्षेत्रको आर्थिक विकासमा संलग्न गराउन सकिन्छ ।

स्थानीय पर्यटन नीति र गुरुयोजना निर्माण गर्दा स्थानीय प्राकृतिक सौन्दर्य, जैविक विविधता, सामाजिक विविधता, सांस्कृतिक धरोहर, धार्मिक स्थल, पुरातात्विक सम्पदा, स्मारक, संग्रहालय र ऐतिहासिक स्थान तथा मानव निर्मित सम्पदालाई पर्यटनको आधारको रूपमा लिनुपर्दछ ।

पर्यटनको पूर्वाधारको रूपमा पर्यटन गन्तव्यसम्म जाने सुगम सडक र यातायात, कम खर्चिलो होमस्टे, लज, होटल वा तारे होटल, सरकारी अतिथि गृह, धर्मशाला आदि सेवा, भोजन तथा पेय सेवा, स्वास्थ्य रेखदेख तथा प्राथमिक चिकित्सा सेवा, ट्राभल बुकिङ, ट्राभल एजेन्सी, टुरिष्ट गाइड, सांस्कृतिक तथा मनोरञ्जन सेवा, बिजुली, सञ्चार, इन्टरनेट आदि । यसको साथै डिजनी, उद्यान, किनमेल (शपिङ) गर्ने सुविधा हुनु भनेको सुनमा सुगन्ध थपिनु हो । पर्यटनको प्रचारप्रसार र मोटिभेसनलाई पनि महत्व दिइनुपर्दछ ।

ग्रामीण पर्यटनमा स्थानीय समुदायको दायित्व र स्वामित्व स्थापित हुनुपर्दछ र गुणस्तरीय सेवा प्रतिस्पर्धात्मक हुनुपर्नेछ । प्रतिस्पर्धाले पर्यटन व्यवसाय व्यवस्थित बन्नेछ । पर्यटनले व्यवसायको रूप र आकार ग्रहण गरेपछि बाफय र आन्तरिक दुवै पर्यटकको आगमनमा वृद्धि हुनेछ । समग्रमा पर्यटकको वृद्धि भई स्थानीय नागरिकको जीविकोपार्जन र रोजगारीमा बढोत्तरी हुनेछ साथै स्थानीय सरकारको राजस्व पनि वृद्धि हुनेछ ।

*(साभार: अनलाइनखबर)*

# कुशलको विस्फोटक ब्याटिङसँगै बनेका रेकर्डहरूको रेकर्ड



काठमाडौं/एसियन गेम्स अर्थात एसियाडमा ८ वर्षपछि क्रिकेट फर्कँदा नेपालले मंगोलियमाथि कीर्तिमानै कीर्तिमानले भरिएको २७३ रनको जित हात पार्‍यो ।

कुशल मल्लले सबैभन्दा छिटो ३४ बलमा शतक, दीपेन्द्रसिंह ऐरीले सबैभन्दा छिटो ९ बलमा अर्धशतकको कीर्तिमान बनाएको खेलमा नेपालले टी-२० आईमा ३१४ रनको कीर्तिमानी स्कोर बनायो ।

३१५ रनको विशाल लक्ष्य पछ्याएको मंगोलियालाई ४१ रनमा अलआउट गर्दै नेपालले अहलेसम्मकै फराकिलो २७३ रनको अन्तरले खेल जित्यो ।

एसियाका पाँच टेष्ट राष्ट्रसहित १४ टिम सहभागी १९औं एसियाडमार्फत टी-२० अन्तर्राष्ट्रिय क्रिकेटमा डेब्यू गरेको मंगोलियाविरुद्ध नेपालले बनाएका कीर्तिमान यत्तिमै मात्र सिमित छैनन् ।

नेपालले सर्वाधिक रन रेटको रेकर्ड पनि बनाएको छ । मंगोलियाविरुद्ध ३१४ रन बनाएको नेपालको रन रेट १५.७ रह्यो । जुन २३ फेब्रअरी २०१९ मा अफगानिस्तानले आयरल्याण्डविरुद्ध कायम गरेको १३.९ भन्दा धेरै हो ।

३१४ रनको स्कोर खडा गर्ने क्रममा नेपाली ब्याट्सम्यानहरुले २६ छक्का हानेका थिए । यो पनि नयाँ कीर्तिमान हो । कुशल मल्ल एक्लैले १२ छक्का हाने ।

यसअघि यो रेकर्ड २२ छक्का हानेको चेक रिपब्लिकको नाममा थियो । ३० अगष्ट २०१९ मा टर्कीविरुद्ध २७८ रन बनाउने क्रममा चेक रिपब्लिकले बनाएको रेकर्ड नेपालले तोडेको हो ।

मात्र १० बलमा अविजित ५२ रन बनाएका ऐरीको स्ट्राइक रेट ५२०.०० पनि अर्को कीर्तिमान हो ।

**सामान्य सुरुवात खेल सकिँदा कीर्तिमानको वर्षात्**

२०१४ को इन्चोन एसियाडपछि पहिलो पल्ट समावेश गरिएको क्रिकेटमा नेपाल र मंगोलियाले पहिलो खेल खेलेका थिए । जेजियाङ युनिभर्सिटी अफ टेक्नोलोजी फिनफेङ क्रिकेट फिल्डमा खेल सुरु हुँदा मंगोलियालाई डेब्यूको उत्साह थियो भने नेपालले सहजै खेल जित्ने अपेक्षा थियो ।

खेलमा टस हारेर पहिला ब्याटिङको निम्तो पाएको नेपालको सुरुवात सामान्य नै थियो । नेपाली इनिङ सकिनुअघि नै सुरु भएको कीर्तिमान बन्ने सिलसिला खेल सकिँदासम्म नै कायम रह्यो ।

मंगोलियाले टस जितेर बलिङ रोजेपछि नेपालले पहिले ब्याटिङ गरेको थियो । नेपालले ८ ओभरभित्र दुवै ओपनरलाई गुमायो । तर मिडल ओभर देखि अन्तिममा भने कुशल र दीपेन्द्रले विष्फोटक ब्याटिङ गरे ।

टी-२०आईको एकै खेलमा छिटो शतक र छिटो अर्धशतकको कीर्तिमानदेखि सर्वाधिक स्कोर र सर्वाधिक रन अन्तरको जितको कीर्तिमान नेपालले बनायो ।

पाँचौ ओभरमा आरिफ शेख १६ मा आउट भएपछि कुशल मल्ल तेस्रो नम्बरमा ब्याटिङ गर्न गएका थिए । तर आठौं ओभरको दोस्रो बलमा अर्को ओपनर कुशल भुर्तेल पनि १९ रनमा आउट हुँदा नेपालले ६६ रनमा २ विकेट गुमायो ।

त्यसपछि भने कुशल मल्लले विष्फोटक ब्याटिङ गरे । उनले ३४ बलमा ६ चौका र ९ छक्का प्रहार गर्दै शतक पूरा गरे । टी-२० मा यसअघि सबैभन्दा छिटो शतक ३५ बलमा बनेको थियो । कुशलले त्यो कीर्तिमान तोडे ।

यसअघि दक्षिण अफ्रिकाका डेविड मिलर, भारतका रोहित शर्मा र चेक रिपब्लिकका सुदेश विक्रमाशेखरले ३५ बलमा शतक प्रहार गर्दै बनाएको कीर्तिमान बनाएका थिए ।

कप्तान रोहितकुमार पौडेलसँग मिलेर कुशल मल्लले तेस्रो विकेटका लागि १९३ रनको साझेदारी गरे । जुन नेपालको लागि टी-२० आईमा अहिलेसम्मको सर्वाधिक साझेदारी हो ।

कुशल नेपालका लागि टी-२०आईमा शतक बनाउने पाँचौ खेलाडी समेत बने भने एकै खेलमा व्यक्तिगत उच्च स्कोर बनाउने समेत खेलाडी बने । उनले ५० बल खेल्दै ८ चौका र १२ छक्का मद्दतमा अविजित १३७ रन बनाए । कप्तान रोहितले पनि आक्रमक ब्याटिङ गर्दै २७ बल खेल्दै २ चौका र ६ छक्का मदतमा ६१ रन बनाए ।

रोहित १८.१ ओभरमा आउट भएपछि दीपेन्द्र क्रिजमा पुगेका थिए । त्यसबेला दीपेन्द्रले अर्धशतक हान्ने कसैले सोचेकै थिएनन् । तर पालो दीपेन्द्रकै थियो । उनले सुरुमा फेस गरेका ६ बलमै लगातार छक्का प्रहार गरे । ९ बल खेल्दा उनले ८ छक्का सहित अर्धशतक पूरा गरे । उनले १० बल मात्र खेल्दै ८ छक्का मदतमा अविजित ५२ रन बनाए । उनले दुई बलमा भने दुई-दुई रन जोडे । दीपेन्द्रले यसअघि युजराज सिंहको नाममा रहेको १२ बलमा अर्धशतक बनाउने कीर्तिमान तोडे ।

टी-२० अन्तर्राष्ट्रिय क्रिकेटमा यसै खेलबाट डेब्यु गरेको मंगोलियाका लागि दाभासुरेन जमयानसुरेनले १० रन बनाउनु बाहेक अन्यले दोहोरो अंकमा रन बनाउन सकेनन् ।

मंगोलियालाई अलआउट गर्न नेपालका लागि बलिङमा करण केसी, अभिनाश बोहरा र सन्दीप लामिछानेले २-२ तथा सोमपाल कामी, दीपेन्द्र सिंह ऐरी र कुशल भुर्तेलले समान १ विकेट लिए । कप्तान रोहितले खेलपछि प्रोसेस अनुसार नै खेलेको र अब अर्को खेल जितेर क्वार्टर फाइनल पुग्ने लक्ष्य रहेको बताए ।

'समग्रमा एउटा खेल नै थियो । प्रोसेस फलो गरेर जस्तो टिम भए पनि आफ्नो बेस्ट गेम दिने लक्ष्य थियो । अर्को खेलमा माल्दिभ्सलाई हराएर क्वाटरफाइनल पुग्ने योजना छ,' रोहितले भने ।

उनले कुशल र दीपेन्द्रको ब्याटिङको तारिफ गरे । 'हाम्रो योजना पनि बलिङ गर्ने नै थियो । तर उनीहरुले टस जितेर बलिङ रोजे । जस्तो टिम अगाडि आए पनि क्रिकेट हो । यहाँ ३१४ पनि कम जस्तो लागिराछ । बिहान अली कती बल रोकिएर आइराखेको थियो । लास्टमा दीपेन्द्र दाईले राम्रो ब्याटिङ गर्नुभयो,' उनले भने, 'टी-२० मा अली अग्रेसिभ ब्याटिङ गर्ने योजना हुन्छ । सबैले लुज बल पाइराखेका थिए । समग्रमा कुशल मल्लले पनि राम्रो ब्याटिङ गरे ।'

**लक्ष्य पदक जित्ने**

१९औं एसियाडमा अन्य खेलहरुमा नेपालले निराशाजनक प्रदर्शन गरिरहँदा क्रिकेटबाट पदकको आशा छ । कप्तान रोहितले पनि नेपालदेखिनै पदक जित्ने लक्ष्यका साथ आएको र त्यही अनुसार खेल्दै जाने बताए । 'हाम्रो योजना यहाँ आउनुअघि नै जसरी भए पनि मेडल जित्ने नै हो ।'

नेपालले पदक जित्नका लागि कम्तीमा पनि दुई टेष्ट राष्ट्रलाई हराउनुपर्नेछ । क्वार्टर फाइनलमा पुगेमा नेपालले भारत, पाकिस्तान, श्रीलंका र बंगलादेशमध्ये एक टिमसँग खेल्नु पर्ने छ ।

भारत, पाकिस्तान, श्रीलंका र बंगलादेशसहित वरियताको आधारमा अफगानिस्तानले सिधै क्वाटरफाइनल खेल्ने भए पनि राष्ट्रिय टिम विश्वकपको तयारीमा रहेकाले उनीहरुले दोश्रो टिमलाई चीन पठाएका छन् ।

त्यसले गर्दा पनि नेपाली टिमले पदक जित्ने लक्ष्य राखेको हो । केही समयअघि मात्रै एसिया कपमा भारत र पाकिस्तानको सिनियर टिमसँग खेल्दै उत्कृष्ट प्रदर्शन गरेको नेपालले एसियाडमा पनि त्यही प्रदर्शन दोहोर्‍याउँदै पदक जित्ने लक्ष्य राखेको छ ।

*स्रोतः अनलाइनखबर*

# विदेशमा 'भष्मे डन'को चहलपहल, खुल्न थाल्यो शो टाइम




काठमाडौं/दशैंको एक हप्ता लामो विदा छोप्न आगामी कात्तिक ४ गते अर्थात् फूलपाती (शनिबार)बाट नेपालसँगै संसारभर एकसाथ प्रदर्शनमा आउन लागेको फिल्म 'पशुपति प्रसाद २ : भष्मे डन'ले घरेलू बक्स अफिसमा आक्रामक व्यापार गर्ने प्रक्षेपण गरिएको छ । ब्रान्ड नाम, पोस्टर देखि टिजर-गीतसंगीतले पाएको चर्चा, सशक्त स्टारकास्टका कारण फिल्मलाई लिएर दर्शकहरु अधैर्य देखिएका छन् ।

विदेशी भूमिमा समेत फिल्मले व्यापारिक रेकर्ड राख्न सक्ने आँकलन गरिएको छ । ट्रेलर समेत रिलिज नहुँदै विदेशका केही देशमा फिल्मलाई शो टाइम उपलब्ध भैसकेको छ । यसको मतलब फिल्मको बुकिङ खुलेको छ । अष्ट्रेलियाको मेलबर्नस्थित चाइना टाउन सिनेमामा फिल्मले अक्टोबर २३, २५, ३० र नोभेम्बर ५ का लागि शो टाइम पाएको छ । त्यस्तै क्यानबरामा प्रिमियर राखिएको छ ।

नेपालीहरुको उल्लेख्य बसोबास रहेको जापानको कान्साई क्षेत्रको नाराबाहेक क्योटो, ओसाका र कोबेमा पनि फिल्मको शो टाइम सार्वजनिक गर्दै बुकिङ खुलेको छ । बेल्जियमको एन्टवर्प, ब्रसेल्स, लोवेन, ब्रुग्स र घेंट शहरका लागि पनि शो टाइमसहित बुकिङ खुलिसकेको छ । अन्य देशमा केही दिनमै 'शो टाइम' उपलब्ध हुने जनाइएको छ । यसले विदेशमा 'भष्मे डन'को क्रेज दर्शाउँछ ।

घरेलू बजारमा फिल्मको डेढ करोडमाथिको ओपनिङ प्रक्षेपण गरिएको छ । 'लाइफटाइम कलेक्सन' भने वर्ड अफ माउथमा निर्भर रहनेछ । दीपेन्द्र के. खनालको निर्देशन र खगेन्द्र लामिछानेको लेखन तथा निर्माण रहेको यो फिल्ममा विपिन कार्की, सौगात मल्ल, स्वस्तिमा खड्का, रविन्द्र सिंह बानियाँ, माओत्से गुरुङ, प्रकाश घिमिरे, लोकेन्द्र लेखक, संजोग र साइली लगायतको अभिनय छ ।

# फिल्ममा निस्क्रिय सलिनमान अब रेस्टुरेन्ट मालिक




काठमाडौं/फिल्म अभिनयमा सक्रिय कलाकारहरुले आर्यआर्जनका लागि वैकल्पिक बाटो रोज्न थालेका छन् । फिल्मको काम रोकिँदा वा उमेर ढल्किएपछि आम्दानीको स्रोतका लागि कलाकारहरुले अहिलेदेखि नै विभिन्न क्षेत्रमा लगानी गरिरहेका छन् । कोरोना महामारीपछि यो क्रम थप बढेको छ । कसैले रेस्टुरेन्ट व्यवसायमा लगानी गरेका छन् त कोही शेयर तथा रियल स्टेट (घरजग्गा)मा आबद्ध छन् ।

'ए मेरो हजुर २'बाट उदाएका अभिनेता सलिनमान बनियाँले पनि रेस्टुरेन्ट व्यवसायमा हात हालेका छन् । साथीहरुसँग मिलेर उनले काठमाडौंको पर्यटकीय क्षेत्र बसन्तपुरमा कोरियन रेस्टुरेन्ट खोलेका छन् । 'चिया अड्डा' रहेको भवनको माथिल्लो तल्लामा सलिनको 'कोरियन किनी' नामक रेस्टुरेन्ट मंगलबारदेखि सञ्चालनमा आएको हो । उक्त रेस्टुरेन्टमा कोरियन खानाका परिकारहरु पाइनेछ ।

सलिनमान आफैंमा 'कोरियन खाना'को पारखी हुन् । उनलाई 'कोरियन लुक्स' भएको अभिनेता समेत भन्ने गरिन्छ । त्यसो त उनको परिवार नै व्यवसायमा आबद्ध छ । पिताले सम्हाल्दै आएको व्यवसायलाई 'टेकओभर' गर्न उनले २०७५ सालमा आएको 'यात्रा'पछि फिल्ममा काम गरेका छैनन् । तर, डेब्यू फिल्मबाटै 'स्टार'को रुपमा उदाएका उनलाई लिएर फिल्म बनाउन धेरै मेकर तयार छन् ।

लुक्स, हेयर स्टाइल र ड्रेसअपका कारण अरु अभिनेताभन्दा पृथक मानिने सलिनमान अब आफूले सोचेको जस्तो स्क्रिप्टबाट अफर आएको खण्डमा मात्र काम गर्ने अडानमा छन् ।

केही समयअघि उनले एक प्रशंसकको प्रश्नमा भनेका थिए, 'अहिले म फिल्मभन्दा मेरो व्यवसायलाई प्राथमिकता दिइराखेको छु । तर, मैले सोचेको जस्तो स्क्रिप्टबाट अफर आयो भने फिल्म गर्न कुनै समस्या छैन ।'

# नेपालमा २ खर्ब ६४ अर्ब प्रत्यक्ष वैदेशिक लगानी, जलविद्युतमा ३२.८ प्रतिशत

काठमाडौं/नेपालमा आर्थिक वर्ष २०७८/७९ मा प्रत्यक्ष वैदेशिक लगानी १६ प्रतिशतले वृद्धि भएको छ । नेपाल राष्ट्र बैंक आर्थिक अनुसन्धान विभागले गरेको नेपालमा प्रत्यक्ष वैदेशिक लगानी सर्वेक्षण प्रतिवेदले उक्त तथ्यांक देखाएको हो ।

आर्थिक वर्ष २०७८/७९ सम्म नेपालमा कुल प्रत्यक्ष वैदेशिक लगानी २ खर्ब ६४ अर्ब ३३ करोड पुगेको छ । कुल प्रत्यक्ष वैदेशिक लगानीमा चुक्ता पूँजीको अंश ५३.७ प्रतिशत, सञ्चिति ३१.७ प्रतिशत र कर्जाको अंश १४.६ प्रतिशत रहेको छ ।

नेपालमा प्रत्यक्ष वैदेशिक लगानी रहेका ६९४ कम्पनीमध्ये २३१ वटा कम्पनीको नमुना छनोट गरी सर्वेक्षण भएको हो । नेपालमा प्रत्यक्ष वैदेशिक लगानी भएको ठुला ४८, मझौला ३० र साना ६१२ कम्पनी छन् । सन् २०२०/२१ सम्म जसको कुल पूँजीको आकार करिब २ खर्ब २७ अर्ब ५९ करोड रहेको छ ।

नेपालमा कुल ५७ देशको प्रत्यक्ष वैदेशिक लगानी रहेको छ । '२०७९ असार मसान्तसम्ममा नेपालमा ५७ देशको प्रत्यक्ष वैदेशिक लगानी रहेको छ । जसमध्ये, भारतबाट सबैभन्दा बढी ८८ अर्ब ५९ करोड रहेको देखिन्छ,' सर्वेक्षणमा भनिएको छ, 'चीनबाट ३३ अर्ब ४५ करोड, आयरल्याण्डबाट २० अर्ब ९० करोड, सिङ्गापुरबाट १६ अर्ब ७ करोड र सेन्ट किट्स एण्ड नेभिसबाट १५ अर्ब ९ करोड प्रत्यक्ष वैदेशिक लगानी रहेको छ ।'

सन् २०२२ मा विश्वभरी कुल १२ खर्ब ९५ अर्ब अमेरीकी डलर प्रत्यक्ष वैदेशिक लगानी रहेको छ । जसमध्ये विकशित अर्थतन्त्र भएको मुलुकमा ३ खर्ब ७८ अर्ब डलर प्रत्यक्ष वैदेशिक लगानी हुँदा विकासशलि राष्ट्रहरुमा ९ खर्ब १६ अर्ब डलर प्रत्यक्ष वैदेशिक लगानी रहेको छ ।

विश्वभरको कुल प्रत्यक्ष वैदेशिक लगानीमध्ये करिब ६ खर्ब ६२ अर्ब डलर प्रत्यक्ष वैदेशिक लगानी एशियामा मात्रै रहेको छ ।

एशियामा पनि सबैभन्दा धेरै चीनमा १ खर्ब ८९ अर्ब डलर, सिंगापुरमा १ खर्ब ४१ डलर र हङकङमा १ खर्ब १८ अर्ब डलर प्रत्यक्ष वैदेशिक लगानी आएको छ ।

दक्षिण एशियाली देशमा करिब ५६ अर्ब डलर प्रत्यक्ष वैदेशिक लगानी आउँदा नेपालले भने त्यसबाट लाभ लिन सकेको छैन । नेपालमा प्रत्यक्ष वैदेशिक लगानीको प्रतिवद्धता र लगानी आउँदा ठूलो अन्तर हुने गरेको विगत देखिकै तथ्यांकले देखाउँछ ।

सन् १९९५/९६ देखि सन् २०२१/२२ सम्म नेपालमा स्वीकृत भएको ३६.२ प्रतिशत मात्रै प्रत्यक्ष वैदेशिक लगानी आएको राष्ट्र बैंकको सर्वेक्षण प्रतिवेदनमा उल्लेख छ । दक्षिण एशियामा सन् २०२२ मा करिब ५६ अर्ब डलर प्रत्यक्ष वैदेशिक लगानी आउँदा भारतमा मात्रै ४९ अर्ब ४० करोड डलर रहेको छ ।

यस्तै बंगलादेशमा ३ अर्ब ५० करोड डलर प्रत्यक्ष वैदेशिक लगानी आउँदा पाकिस्तानमा १ अर्ब ३० करोड डलर, श्रीलंकमा ९० करोड डलर, माल्दिभ्समा ७० करोड डलर र नेपालमा १० करोड डलर मात्रै प्रत्यक्ष वैदेशिक लगानी आएको छ । यस्तै भुटानमा १ करोड डलर प्रत्यक्ष वैदेशिक लगानी भित्रिएको नेपाल राष्ट्र बैंकले जनाएको छ ।

**प्रत्यक्ष वैदेशिक लगानीको ठूलो हिस्सा उद्योगमा**

नेपालमा रहेको प्रत्यक्ष वैदेशिक लगानीमध्ये ६२.६ प्रतिशत औद्योगिक क्षेत्रमा र ३७.३ प्रतिशत सेवा क्षेत्रमा रहेको सर्वेक्षणमा उल्लेख छ । औद्योगिक क्षेत्रअन्तर्गत जलविद्युत्, क्षेत्रमा ३२.८ प्रतिशत र उत्पादन क्षेत्रमा २९.५ प्रतिशत वैदेशिक लगानी रहेको छ । यस्तै गरी कुल प्रत्यक्ष वैदेशिक लगानीमध्ये २५.६ प्रतिशत सेवा क्षेत्रअन्तर्गत बैंक तथा वित्तीय संस्था र बीमा कम्पनीहरूमा रहेको छ ।

भारतको कुल प्रत्यक्ष वैदेशिक लगानीमा जलविद्युत्, ग्याँस लगायत वातानुकूलित क्षेत्रको हिस्सा ४२.९ प्रतिशत रहेको छ । यस्तै उत्पादनमुलक उद्योगको हिस्सा ३५.९ प्रतिशत र बैंक तथा वित्तीय संस्था र बीमा कम्पनीहरूमा १८.१ प्रतिशत छ ।

नेपालमा वैदेशिक लगानीमा सञ्चालित उत्पादनमूलक कम्पनीहरूको क्षमता उपयोग ७१.१ प्रतिशत रहेको पाइएको छ । समग्रमा वैदेशिक लगानीमा सञ्चालित कम्पनीहरूको नाफाको दर करिब १४.३ प्रतिशत रहेको छ ।


सन् २०२१/२२ मा प्रत्यक्ष वैदेशिक लगानीको लाभांशको लागि १५.७ अर्ब स्वीकृत भएको राष्ट्र बैंकले जनाएको छ । उक्त वर्षमा उत्पादनमूलक क्षेत्र पछि सूचना तथा सञ्चारको क्षेत्रमा उच्च लाभाँश स्वीकृत भएको थियो ।

प्रत्यक्ष वैदेशिक लगानी सम्बन्धी आवश्यक तथ्यांक संकलन गरी यस्तो लगानीको क्षेत्रगत अवस्था एवम् प्रवृत्ति विश्लेषणका आधारमा आवश्यक नीति निर्माणमा सहयोग पुर्‍याउने उद्देश्यले प्रत्येक आर्थिक वर्षमा स्थलगत सर्वेक्षण सम्पन्न गरी प्रतिवेदन प्रकाशन गर्दै आएको राष्ट्र बैंकले जनाएको छ ।

आर्थिक वर्ष २०७८/७९ मा नेपालमा प्रत्यक्ष वैदेशिक लगानीमा सञ्चालित कम्पनीहरूमध्ये कुल २३१ वटा कम्पनीको नमूना छनोट गरी सर्वेक्षणबाट प्राप्त तथ्यांक तथा अन्य विवरणको विश्लेषणको आधारमा 'प्रत्यक्ष वैदेशिक लगानीसम्बन्धी सर्वेक्षण प्रतिवेदन, २०७८/७९' तयार पारिएको राष्ट्र बैंक आर्थिक अनुसन्धान विभागले जनाएको छ ।

*(स्रोतः अनलाइनखबर)*

# सार्वजनिक ऋण २३ खर्ब माथि, प्रतिव्यक्ति दायित्व ७९ हजार २०१




काठमाडौं/नेपालको सार्वजनिक ऋण २३ खर्ब माथि पुगेको छ । चालु आर्थिक वर्ष (आव)२०८०/८१ को पहिलो दुई महिनामा सरकारले ४९ अर्ब २३ करोड रुपैयाँ सार्वजनिक ऋण थपेको हो । यस अवधिमा सरकारले ३८ अर्ब ७१ करोड ऋण भने भुक्तानी गरेको छ ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको तथ्यांकअनुसार असार मसान्तसम्म नेपालको ऋण २२ खर्ब ९९ अर्ब ३५ करोड २५ लाख रुपैयाँ रहेको थियो । यसमा साउन र भदौ महिनामा सरकारले कुल ४९ अर्ब २३ करो ३२ लाख रुपैयाँ ऋण थपेको छ । सोही अवधिमा ३८ अर्ब ७१ करोड ६१ लाख रुपैयाँ ऋण भुक्तानी गरेको छ ।

नेपालको आन्तरिक ऋण ११ खर्ब ४० अर्ब ५३ करोड र बाह्य ऋण ११ खर्ब ६९ करोड ३३ करोड रुपैयाँ रहेको छ । भदौ मसान्तसम्म नेपालको कुल सार्वजनिक ऋणको आंकडा २३ खर्ब माथि पुगेको तथ्यांकमा उल्लेख छ ।

भदौ मसान्तसम्मको सार्वजनिक ऋण प्रतिव्यक्ति दायित्वका हिसावले ७९ हजार २०१ रुपैयाँ पर्न जान्छ । नेपालको जनसंख्या २ करोड ९१ लाख ६४ हजार ५७८ मा भाग गर्दा सो रकम आएको हो ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका प्रवक्ता डिलाराम गिरी पहिलो दुई महिनामा आन्तरिक ऋण बढी उठेको भन्दै यसो हुनुमा आवको सुरुवाती महिनामा ब्याजदर कम भएको अवस्थालाई सरकारले उपयोग गरेको बताउँछन् ।

'अहिले ब्याजदर कम छ, सोहीकारण यो अवस्थालाई सरकारले कम भार पर्ने समयका रुपमा आन्तरिक ऋण उठाइरहेको देखिन्छ,' उनले भने ।

सरकारले साउन महिनामा १३ अर्ब ६ करोड र भदौ महिनामा ३१ अर्ब २० करोड रुपैयाँ आन्तरिक ऋण उठाएको छ । यस प्रकार दुई महिनाको अवधिमा ४४ अर्ब २६ करोड आन्तरिक ऋण उठाएको छ । बाह्य ऋण भने दुई महिनामा मात्र ४ अर्ब ९७ करोड रुपैयाँ मात्र प्राप्ती भएको छ ।

भुक्तानीतर्फ सरकारले साउनमा २२ अर्ब ७ करोड र भदौमा १० अर्ब ७५ करोड रुपैयाँ आन्तरिक ऋणको साँवा भुक्तानी भएको छ । दुई महिनामा कुल ३२ अर्ब ८३ करोड रुपैयाँ साँवा भुक्तानी भएको छ । बाह्य ऋणको भने साउनमा १ अर्ब २३ करोड र भदौमा ४ अर्ब ६४ करोड रुपैयाँ बाह्य ऋणको साँवा भुक्तानी भएको छ ।

बाह्य ऋणको साँवा भुक्तानी ५ अर्ब ८८ करोड रुपैयाँ रहेको छ । ब्याज भुक्तानीमा भने आन्तरिक ऋणतर्फ दुई महिनामा ८ अर्ब ७७ करोड र बाह्य ऋणको ब्याज भुक्तानीमा २ अर्ब २८ करोड रुपैयाँ खर्च भएको छ ।

# 'परदेशी २'को झ्याउरे गीतमा प्रकाश र केकीको छमछमी



काठमाडौं/नारायण रायमाझी निर्देशित फिल्म 'परदेशी २'को झ्याउरे गीत सार्वजनिक गरिएको छ । 'परदेशी छुकछुके रेलैमा' बोलको गीतमा निर्देशक रायमाझी, तेजेन्द्र गुरुङ, टिका पुन, देवी घर्ती र ममता गुरुङको स्वर छ भने शब्द रचना तथा संगीत निर्देशक रायमाझी र प्रेमदेव गिरीको छ । गीतमा फिल्मका प्रमुख तीन कलाकारहरु प्रकाश सपूत, केकी अधिकारी र प्रशान्त तामाङ फिचर्ड छन् ।

रामजी लामिछाने र गोविन्द राईको कोरियोग्राफी रहेको गीतमा शेखर घर्ती मगर, पूर्ण लामा र विवेक खड्का, रविता मगर, पवित्रा गुरुङ, विन्दु खड्का, लाक्पा लामा, सरस्वती धिमाल, प्रजी अहिना सुनार आदिको पनि नृत्य छ । फिल्ममा यो गीत कथावाचनको एउटा हिस्सा रहेको निर्देशक रायमाझीले जानकारी दिएका छन् । धेरै वर्षपछि नेपाली फिल्ममा झ्याउरे भाका समावेश भएको हो ।

दशैंको अवसर पारेर असोजको २६ गतेदेखि प्रदर्शनमा आउन लागेको 'परदेशी २'मा वर्षा सिवाकोटी, दीलिप रायमाझी, नीर शाह, रमा थपलिया, सबिन बास्तोला, देबेन्द्र बब्लु आदिको पनि विशेष भूमिका छ । राजेश वंशल र नारायण रायमाझीको संयुक्त निर्माण रहेको फिल्ममा रमेश बिजीको लेखन छ । मानकृष्ण महर्जनको छायांकन रहेको फिल्मलाई दीर्घ खड्काले सम्पादन गरेका हुन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# बागमतीमा गर्भवती र सुत्केरीलाई हवाई उद्दार सेवा

साझाकुरा संवाददाता

हेटौंडा, १० असोज/ बागमती प्रदेशको स्वास्थ्य मन्त्रालयले ज्यान जोखिममा रहेका गर्भवती तथा सुत्केरीलाई  हवाई उद्दार सेवा दिने भएको छ ।

मन्त्रालयले निर्देशिका बनाएर यो विषय कार्यान्वयनको चरणमा ल्याएको हो । मन्त्रालयका अस्पताल विकास तथा चिकित्सा सेवा महाशाखाका प्रमुख डा.खगेश्वर गेलालका अनुसार यो कार्यक्रमका लागि चालु आर्थिक वर्षमा ४० लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ । यसबारे मन्त्रालयले निर्देशिका बनाएर मन्त्रिपरिषद्बाट पारित गरी प्रदेश राजपत्रमा प्रकाशित गरिसकिएको र केही दिनमै प्रदेश निर्देशनालयमा कार्यान्वयनका लागि पठाइने र निर्देशनालयले १३ वटा जिल्ला स्वास्थ्य कार्यालयमा पत्राचार गर्नेछ । यससँगै हेलिकप्टर कम्पनीसँग सम्झौता गरेर काम अघि बढाइने उनले जानकारी दिए ।



मन्त्रालयले प्रदेशभित्रका १३ वटा प्रदेश अस्पताल, भरतपुर अस्पताल, त्रिवि शिक्षण अस्पताल, परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल र धुलिखेल अस्पतालमा पुर्‍याएर उद्धार गरिएका गर्भवती र सुत्केरीको उपचारको व्यवस्था पनि गरेको छ । स्वास्थ्यमन्त्री उत्तम जोशी नियुक्त हुँदा पहिलो निर्णय जोखिममा रहेका गर्भवती तथा सुत्केरीको हवाई उद्दार गरिने कुरा उल्लेख गरेको थियो । सोही विषय कार्यान्वयन गर्न निर्देशिका बनाएर काम अघि बढाइएको हो । उनले भने 'प्रदेशभित्रका विकट ठाउँका महिलाले भोग्नुपरेको समस्या सम्बोधन गर्न यो निर्णय गरेको हुँ ।',

बागमती प्रदेशका १३ जिल्लामध्ये उपत्यकाको काठमाडौं, भक्तपुर र ललितपुरबाहेक सबै जिल्ला विकट छन् । ललितपुरका केही क्षेत्र पनि विकट नै छन् । सिन्धुपाल्चोक, दोलखा, रामेछाप, धादिङ, सिन्धुली, नुवाकोट, मकवानपुर, चितवन, काभ्रे र र सुवा गरी १० वटै जिल्ला विकट छन् । जसमध्ये सिन्धुपाल्चोक, दोलखा, रामेछाप, रसुवा, धादिङ, नुवाकोटका अधिकांश क्षेत्रमा सडक समेत पुगेको छैन । अति विकट क्षेत्रमा बसोबास गर्ने गर्भवती र सुत्केरी महिलाका लागि हवाई उद्दार सेवा प्रभावकारी बन्ने अपेक्षा प्रदेश सरकारले लिएको छ ।

उपचारको अभावमा गर्भवती र सुत्केरीले अकालमा ज्यान गुमाउनु परेको भन्दै उनले अबका दिनमा त्यो समस्या नआओस् भन्नका लागि बजेट विनियोजन गरी काम अघि बढाइएको बताए । मन्त्री जोशीले थपे 'देशकै स्वास्थ्यका क्षेत्रमा अब्बल जिल्ला यो प्रदेशमा पर्छ । त्यति मात्रै होइन, निकै विकट ठाउँ पनि यही प्रदेशमा छन् ।', कतिपय महिलाले बच्चा जन्माउँदा उपचार नपाएर ज्यान गुमाउनुपरेको र कतिपयले बच्चा जन्मिएपछि उपचार नपाएर पनि मृत्यु भएको उनले बताए ।

बागमती प्रदेश सरकार स्थापनाको ६ वर्षमा गर्भवती र सुत्केरी महिलाका लागि बल्ल हवाई उद्दारको सेवा सुरु भएता पनि मकवानपुरमा विगतमै हवाई उद्धारका लागि आवश्यक पर्ने हेलिप्याड निर्माण गरिएको थियो । मकवानपुरको पश्चिमी क्षेत्रमा पर्ने विकट राक्सिराङ गाउँपालिकाको सबै वडामा हेलिप्याड यसअघि नै निर्माण गरेको थियो । गत आर्थिक वर्ष २०७६/७७ मा गाउँपालिकाले वडामार्फत सबै वडामा हेलिप्याड निर्माण गरेको थियो । राक्सिराङको सबै वडामा सडक पहुँच नभएको, सहजै एम्बुलेन्स जान सक्ने अवस्था नरहेको र राक्सिराङबाट मनहरी बजार, हेटौंडा वा चितवन पुग्न लामो समय लाग्ने भएपछि हवाई उद्दारको उद्देश्यले हेलिप्याड बनाएको हो ।

९ वटा वडा रहेको राक्सिराङमा 'एक वडा, एक हेलिप्याड' कार्यक्रमअन्तर्गत सबै वडामा हेलिप्याड निर्माण गरिएको गाउँपालिकाका अध्यक्ष राजकुमार मल्ले जानकारी दिए । प्रत्येक वडालाई ५० हजार रुपैयाँ बजेट विनियोजन गरेर निर्माण गरिएको थियो । विकट क्षेत्रका कारण सबै वडामा सडक निर्माण नभएको र यातायातको पहुँच नहुँदा गम्भीर विरामी वा संकटका समयमा हेलिकप्टरमार्फत उद्दार र सामग्री ढुवानी गर्न सकिने उद्देश्यले हेलिप्याड निर्माण गरिएको गाउँपालिका अध्यक्ष मल्लले बताए ।

स्थानीय स्रोत साधनको उपयोग गरेर न्यून लागतमा हेलिप्याड निर्माण गरिएको उनको भनाई छ । गाउँपालिकाका अनुसार कुल चार लाख ५० हजार रुपैंया लागतमा सबै वडामा हेलिप्याड निर्माण भएको हो । राक्सिराङको सबै वडामा कच्ची सडकसमेत निर्माण नहुँदा त्यस क्षेत्रका बासिन्दाले बर्षौंदेखि समस्या भोग्दै आएका छन् । स्थानीय सरकार आएपछि राक्सिराङका हरेक क्षेत्रमा पनि सडकको ट्र्याक निर्माण गरिएको छ । विकट गाउँपालिकाको सबै वडामा हेलिप्याड निर्माण भइसकेको अवस्थामा बागमती प्रदेशको राजधानीसमेत रहेको हेटौंडा उपमहानगरपालिका क्षेत्रमा भने हालसम्म एउटा पनि हेलिप्याड बनाइएको छैन । खुला मैदानको रुपमा रहेको हुप्रचौरमै हेलिकप्टर ल्याण्ड गराउने गरिन्छ ।

# राक्सिराङमा खादा प्रयोग नगर्ने, फूलमालाको प्रयोग सुरु

साझाकुरा संवाददाता

हेटौंडा, १० असोज/ मकवानपुरको विकट मानिने राक्सिराराङ गाउँपालिकाले कपडाको रेडिमेट खादा प्रयोगमा रोक्ने निर्णय कार्यान्वयनमा आएसँगै स्थानीयस्तरमै उत्पादित फूलमालाको प्रयोग सुरु गरेको छ ।



स्थानीयस्तरमा उत्पादिक फूलमालाको प्रयोग बढाउने उद्देश्यले गाउँपालिकाले आयातित खादाको प्रयोगमा रोक लगाउने निर्णय यसअघि गरेको थियो । गत साउन ३१ गते गाउँ कार्यपालिकाको बैठकले गरिएको निर्णय अनुसार आयातित कपडाको खादा प्रयोगमा बन्द गरी गाउँमा फूलेका फूलहरु प्रयोग गर्न थालिएको छ । राक्सिराङ (आईटिएफ) तेक्वान्दो दोजाङको पहिलो बार्षिक साधारणसभा तथा पदक वितरण कार्यक्रममा उपस्थित अतिथिहरुको गलामा गाउँमै फूलेका मखमली, लाउरे फूल र बाह्रमासे फूलका रंगीचंगी मालाहरुले सजिएका थिए ।

ब्याचमा हरियो पिपलको पातमा सेता टिपेक्सले लेखिएका अक्षरहरु र अतिथि सत्कार गर्दै लगाइएको रंगीन फूलका मालाले अझ शोभा थपिएको थियो । राक्सिराङ (आईटिएफ) तेक्वान्दो दोजाङले यसरी अतिथि सत्कार गरेसँगै गाउँपालिकाको कार्यपालिका बैठकको निर्णय कार्यान्वयनमा आएको राक्सिराङ गाउँपालिका अध्यक्ष राजकुमार मल्लले जानकारी दिए । सोमबार गाउँपालिकामा ४ जना नयाँ कर्मचारीलाई फूलमालाले स्वागत गरिएको थियो । पैसाको बचत, प्रकृति, सम्पत्तिको पनि उपयोग गर्ने उदेश्यले गाउँपालिका अन्तर्गतको कुनैपनि कार्यक्रममा गाउँमा फूलेका फूलहरु प्रयोग गर्ने र स्थानीयलाई फूल रोप्नको लागि अभिप्रेरित गर्ने उदेश्य रहेको अध्यक्ष मल्लले बताए ।

# थाहानगरमा 'यन्हा पुन्ह'को तयारी, इन्द्रजात्रा हेर्न निम्तो

साझाकुरा संवाददाता

हेटौंडा, १० असोज/ थाहा नगरपालिका-२ पालुङ सहरमा 'यन्हा पुन्ह' अर्थात इन्द्रजात्राको तयारी थालिएको छ । १२ असोजमा परेको इन्द्रजात्रा मनाउनको लागि तयारी तीब्र पारिएको स्थानीय रोमन श्रेष्ठले जानकारी दिए ।



हरेका वर्ष काठमाडौंमा मनाइने इन्द्रजात्राको अवसरमा थाहानगरको साविक पालुङ गाउँ विकास समिति वडा नम्बर ६ पालुङ सहरका नेवारी समुदायले 'यन्हा पुन्ह' को रुपमा मनाउने गर्दछन् । यस अवसरमा पालुङ सहरमा इन्द्रजात्रा समेत मनाइन्छ । थाहानगरको साँस्कृतिक सहर पालुङमा मनाइने इन्द्रजात्रा परापूर्वकालबाटै मनाईंदै आएको भएपनि यसको प्रचारप्रसार हुन सकेको छैन ।

पालुङ सहरको डबलीमा मनाइने यो जात्रा जनैपूर्णिमादेखि हालसम्म मनाइदै आएको हिलेजात्रा, अन्य नेवारी नाच तथा पूजाको समाप्ती तथा साङ्गेका रुपमा इन्द्रजात्रा मनाउने चलन छ ।

इन्द्रजात्राको अवसरमा लाखे, ब्रम्हा, विष्णु, ख्याक, कवै, पाँचों देवी (गणेश, कुमारी, इन्द्रायणी, बज्रवाराही, कालाभैरव) को नाच प्रदर्शनसहित बली दिने परम्परा रहेको स्थानीय प्रमोद श्रेष्ठले जानकारी दिए ।


मेला अवलोकनका लागि इन्द्रजात्राका गुरु अष्टमान श्रेष्ठले सम्पूर्णलाई निम्तो गरेका छन् । इन्द्रजात्रा सांस्कृतिक पर्व भएकोले यसको संरक्षण र प्रचार दुवैमा सहयोग गरिदिन श्रेष्ठले अपील गरेका हुन् ।

# माउन्ट एभरेस्टमा किताब प्रदर्शनी

साझाकुरा संवाददाता

हेटौंडा, १० असोज/ हेटौंडाको पुस्तक प्रदर्शनी यात्राका क्रममा बालबालिकामा किताबप्रतिको मोह अत्यधिक पाइएको छ ।

बुधवार दोस्रो दिनको किताब प्रदर्शनीमा माउन्ट एभरेस्ट इङलिस बोर्डिङ स्कुल, हेटौंडा-८ मा डेढ सयभन्दा बढी बालबालिकाले किताब खरिद गरेका छन् । कार्यक्रममा अभिभावकहरुको समेत उल्लेख्य सहभागिता रहेको थियो । किताबले बालबालिकामा सिर्जनात्मक परिवर्तन ल्याउने भएका कारण पनि आफूहरु बालबालिकाका लागि बालसाहित्यका किताब लिन आएको अभिभावकहरुको भनाइ छ ।



माउन्ट एभरेस्ट पहिलोपटक यस्तो प्रदर्शनी आयोजना गरिएकाले पनि अभिभावक तथा विद्यार्थीहरुले विशेष महत्व दिएका थिए । हेटौंडा-८, कमानेस्थित कमाने एकेडेमीबाट मंगलबार सुरु गरिएको 'किताबघर पुस्तक प्रदर्शनी यात्रा २०८०' अब शुक्रबार हेटौंडा-१८ स्थित मकवानपुर बालविद्या सदनमा हुनेछ । असोज महिनाभर चल्ने प्रदर्शनीमा हेटौंडा उपमहानगर पालिकाका आठवटा विद्यालय समेटिने भएका छन् ।

असोज १६ गते जनप्रिय मावि, हटिया, १९ गते रेडरोज इङ्लिस स्कुल, २३ गते प्रगति मावि, २६ गते बालजागृति इङलिस स्कुल हुँदै ३० गते ज्ञानदीप शिक्षा (जीएस) निकेतनमा सम्पन्न हुने किताबघरका सञ्चालक छवि अनित्यले बताए ।

प्रदर्शनीमा विद्यार्थीहरुले आफूलाई मनपरेका किताब खरिद गर्न सक्नेछन् । यसका लागि किताबघरले नेपाली तथा अग्रेजी भाषासाहित्य, इतिहास, विज्ञान, खेलकुद लगायतका चार सय बढी शीर्षकका बालपुस्तक उपलब्ध गराएको छ ।

# चित्लाङमा प्याराग्लाइडिङ सुरु

साझाकुरा संवाददाता

हेटौंडा, १० असोज/ पर्यटकीय पहिचान बोकेको थाहानगरको चित्लाङमा पहिलोपटक प्याराग्लाइडिङ सुरु गरिएको छ । यसअघि नगरको विभिन्न स्थानमा प्याराग्लाइडिङको सफल परीक्षण भए पनि औपचारिक सुरुवात हुन सकेको थिएन ।

अहिले चित्लाङमा पनि परीक्षण भइरहेको हो । सञ्चालनको सबै कानूनी प्रक्रिया पूरा भएको र पटकपटकको परीक्षण सफल भएकोले यसले निरन्तरता पाउने थाहा-९ का वडाअध्यक्ष राजकुमार बलामीले बताए । उनका अनुसार ९ असोजमा मात्र १८ वटा परीक्षण उडान सफल भएको छ ।

एक वृहद् कार्यक्रमको आयोजना गरी प्याराग्लाइडिङको औपचारिक उद्घाटन गरिने वडाअध्यक्ष बलामीले जानकारी दिए ।

लामो समयदेखि चित्लाङको आकाशमा प्याराग्लाइडिङ उडाउने सपना पूरा हुन लागेकोमा पर्यटनकर्मी देवेन्द्र नेपालले खुशी व्यक्त गरे ।

प्याराग्लाइडिङ सञ्चालनबाट स्थानीय पर्यटनमा सहयोग पुग्ने प्याराग्लाइडिङ सञ्चालक बाबु एड्भेन्चरका प्रबन्धनिर्देशक सानुबाबु सुनुवारले विश्वास व्यक्त गरे ।

यसबाट चित्लाङको पर्यटनमा नयाँ अध्याय सुरुवात भएको स्थानीय राजेन्द्र बलामीले बताए ।

# राक्सिराङमा लगाइएको गाँजाखेती नष्ट गर्न सुरु

साझाकुरा संवाददाता

हेटौंडा, १० असोज/ अवैध गाँजाखेती जिल्ला प्रहरी कार्यालय मकवानपुरले नष्ट गर्ने कार्य सुरु गरेको छ । जिल्ला प्रहरी कार्यालय र इलाका प्रहरी कार्यालय मनहरीबाट खटिएको प्रहरीटोलीले १५ बिगाहामा गरिएको अवैध लागूऔषध गाँजाखेती नष्ट गरेको हो ।



असोज ६, ७ र ८ गते प्रहरीले राक्सिराङ गाउँपालिका-९ धाधुङ, सुकेल तेन्चुराङ्, वडा ४ स्थित खुकीट, चौकीटार, साईता र वडा ५ स्थित बोटबारीलगायतको स्थानमा अवैध रुपमा लगाइएको १५ बिगाहा लागूऔषध गाँजाखेती नष्ट गरिएको मकवानपुर प्रहरीप्रवक्ता लक्ष्मी भण्डारीले जानकारी दिएका छन् ।

# विद्युतबाट युरिया मल उत्पादन सम्भाव्यता अध्ययनको जिम्मेवारी मलेसियन कम्पनीलाई




काठमाडौं, १० असोज/ नेपालमा युरिया मल कारखाना खोल्नेसम्बन्धी सम्भाव्यता अध्ययन गर्न लगानी बोर्ड र मलेसियन कम्पनी बीच सम्झौता भएको छ ।

तनहुँको आँबुखैरेनीमा स्थापना गर्न प्रस्ताव गरिएको विद्युतीय ऊर्जाबाट चल्ने यस्तो कारखानाको विस्तृत सम्भाव्यता अध्ययनका लागि मलेसियाको रिन्कोलास्डन बीएचडी कम्पनीसँग समझदारी भएको बोर्डले जनाएको छ ।

विद्युतीय ऊर्जायुक्त प्रविधि इलेक्ट्रोलाइसेस विधिबाट युरिया मल उत्पादन गर्न सकिनेबारे विस्तृत अध्ययन गरिने बोर्डले जनाएको छ ।

बुधबार एक कार्यक्रमका बीच बोर्डका कार्यकारी निर्देशक सुशील भट्ट र रिन्कोलास्डन बीएचडीका म्यानेजिङ डाइरेक्टर बोउम्हीदी अब्डेलालीले सझदारी पत्रमा हस्ताक्षर गरे ।

समझदारीअनुसार कम्पनीले २ वर्ष भित्र परियोजनाको विस्तृत सम्भाव्यता प्रतिवेदन बोर्डलाई बुझाउनु पर्नेछ ।

वार्षिक करिब ९५ हजार ६ सय मेट्रिकटन ग्रीन एमोनिय र २ लाख ८६ हजार ९७५ मेट्रिकटन यरिया उत्पादन गर्ने क्षामताको रहने उद्योगमा ३४ अर्ब ६५ करोढ बढी नोपली रुपैयाँ लगानीको प्रस्ताव छ । मलेसियको कम्पनीले २०७९ पुसमा सम्भाव्यता अध्ययनका लागि प्रस्ताव पेश गरेको थियो ।

लगानी बोर्डको ३० चैत २०७९ को बैठकले अनुमति पत्र प्रदान गर्ने निर्णय गरेको थियो भने अध्ययनको मस्यौदा गत ८ भदौमा स्वीकृत गरेको थियो ।

# इन्द्रसरोवरमा पालिकास्तरीय कर्मचारी हकहित समिति गठन

साझाकुरा संवाददाता

हेटौंडा, १० असोज/ जिल्लाको उत्तरी क्षेत्रस्थित इन्द्रसरोवर गाउँपालिकामा कार्यरत स्थानीय तहका कर्मचारीहरुको भेलाले पालिकास्तरीय कर्मचारी हकहित समिति गठन गरेको छ ।

९ असोजमा भएको भेलाले योजना तथा प्रशासकीय अधिकृत दीपक चापागाईको संयोजकत्वमा ९ सदस्यीय समिति गठन गरिएको हो ।

समितिको सचिवमा मञ्जरी बलामी, कोषाध्यक्षमा मिलन न्यौपाने चयन भएका छन् । त्यसैगरी सदस्यहरुमा मन्नुनाथ अधिकारी, शुभद्रा ओझा, वसन्त केसी, बिमल मोक्तान, ज्ञानेन्द्र नेपाल र रुद्रप्रसाद न्यौपाने रहेका छन् । समितिले जिल्ला तथा केन्द्रीय प्रतिनिधि र सल्लाहकार समेत चयन गरेको छ ।

समितिको जिल्ला प्रतिनिधि संयोजकमा ध्रुवकुमार अधिकारी र सदस्यमा रुद्रप्रसाद न्यौपाने चयन गरेको छ भने केन्द्रीय प्रतिनिधि संयोजकमा ज्ञानेन्द्र नेपाल र र सदस्य शुभद्रा ओझालाई चयन गरेको छ ।

समितिको सल्लाहकारमा धर्मानन्द पन्त र सुरेशप्रसाद कोइरालालाई चयन गरेको संयोजक दीपक चापागाईले जानकारी दिए ।


# मोटरसाइकल हरायो

यही मिति २०८० साल भदौ ८ गते हेटौंडा-४ चिल्ड्रेन पार्क नजिक सत्यम जेभियर्स बोर्डिङ्ग स्कूल परिसरमा पार्किङ गरिराखेको अवस्थामा दिउँसो २:५७ बजे मेरो निम्न व्यहोराको मोटरसाइकल हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न फोन नम्बरमा खबर गरिदिनु हुन अनुरोध गरिन्छ ।

**मोटरसाइकल नम्बर:** बा प्र-०३-००५ प ७३७९
**मोटरसाइकल धनीको नाम:** हुलास फिन सर्भ लि., काठमाडौं
**मोटसाइकलको ब्राण्ड (नाम):** बजाज पल्सर, २२० सीसी
**मोटरसाइकलको रंग:** रातो, कालो
**मोटरसाइकल बनेको वर्ष:** सन् २०२३
**चेचिस नम्बर:** MD2A13EXXNCM86647
**इन्जिन नम्बर:** DKXCNM40982
**सम्पर्क फोन नम्बर:** ९८५५०७१३३८ (फणिन्द्र घिमिरे)



# १७ औं विश्व रेबिज दिवस, २०८०

## नियमित र उपयुक्त रेबिज विरुद्धको खोपले तपाई, तपाईको परिवार र तपाईले पालेको कुकुर /बिरालोको जीवन सुरक्षित हुन्छ।

'रेबिज: एक स्वास्थ्य, एक गन्तव्य' भन्ने नाराका साथ १७ औं विश्व रेविज दिवस, २०८० मनाउने क्रममा कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेशद्वारा रेबिज रोग सम्बन्धि संक्षिप्त जानकारीमूलक सन्देश तयार गरि सम्पूर्ण सरोकारवालाहरुको लागि सूचना जारी गरेको छ ।

- रेबिज रोग मानिस लगायत स्तनधारी पशुहरुमा लाग्ने विषाणुजन्य प्राणघातक रोग हो ।
- यो रोग विशेषगरि संक्रमित कुकुर तथा बिरालो जातिको टोकाईबाट मानिस तथा स्तनधारी पशुहरुमा सर्ने गर्दछ ।
- रेबिज रोगको लक्षण देखा परिसकेपछि यसको कुनै उपचार छैन ।
- रोगले व्यक्ति वा पशुको स्नायूप्रणालीमा असर पार्दछ र पक्षघात जस्ता लक्षण देखाई मृत्यु हुन्छ ।
- संकास्पद जनावरले टोकेर घाउ भएको अवस्थामा साबुन पानीले राम्रोसँग सफा गर्ने र त्यसपछि एन्टिसेप्टिक झोल/मलमको प्रयोग गर्नुपर्दछ।
- टोकेको घाउलाई कपडाले छोप्न हुदैन ।
- संकास्पद जनावरले टोकेको अवस्थामा तुरुन्त नजिकको स्वास्थ्य केन्द्रमा गई चिकित्सकको सल्लाह बमोजिम रेबिज रोग विरुद्ध खोप लगाउनु पर्दछ ।
- रेबिज रोगबाट बच्न कुकुर तथा बिरालो जातिमा नियमित रुपमा रेबिज बिरुद्धको खोप लगाउनु पर्दछ ।
- रेबिज रोगको दीर्घकालीन नियन्त्रणको लागि कुकर तथा बिरालो जातिमा नियमित खोपको प्रयोग, प्रभावकारी जनचेतनामुलक कार्यक्रम र घर पालुवा तथा सामुदायिक कुकुर/बिरालो वन्ध्याकरण शिविर जस्ता कार्यक्रमहरु संचालन गर्नु पर्दछ । साथै पशु स्वास्थ्य र मानव स्वास्थ्यसँग सम्बन्धित सरोकार वालाहरुले एक स्वास्थ्यका अवधारणालाई अबलम्बन गर्नु पर्दछ ।
- विश्व पशु स्वास्थ्य संगठन, विश्व स्वास्थ्य संगठन र खाद्य तथा कृषि संगठनको संयुक्त सहयोगमा विश्वब्यापी रुपमा सन् २०३० सम्म कुकुरको टोकाईबाट मानिसमा लाग्ने रेबिजलाई शून्य बनाउने रणनितिक योजना अनुरुप कामहरु भईरहेको छ ।

**नोट:** यस सम्बन्धमा थप कुनै जानकारी आवश्यक पेरमा सम्बन्धित स्थानीय तहको पशु सेवा शाखा, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र वा पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय वा मन्त्रालयमा सम्पर्क गर्नहुन अनुरोध गरिन्छ ।

बागमती प्रदेश सरकार
**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**
बागमती प्रदेश, हेटौडा, नेपाल


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना